# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक १७७ | काठमाडौं | मंगलबार, ३० असोज २०८० | Prabhab National Daily | Tuesday, October 17, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# कांग्रेससँग प्रधानमन्त्री दाहाल सशंकित



हामीले कांग्रेसका एक जनामात्रै मन्त्री बनाउनु भनेका थियौं । तर एमालेका पनि मन्त्री छिराइहालेछन् ।

■ **पुष्पकमल दाहाल**
प्रधानमन्त्री

कोशीमा जे भएको छ, त्यो घटनामा सभापतिले गम्भीर आत्मसमीक्षा गर्नुपर्छ । किन यो प्रकारको दुर्घटना भयो, यसको सबैभन्दा ठूलो प्रधान जिम्मेवारी, अंशियारी सभापतिले फिल गर्नुपर्छ ।

■ **विश्वप्रकाश शर्मा**
महामन्त्री, नेपाली कांग्रेस

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** कोशी प्रदेशमा कांग्रेस नेतृत्वको भूमिकाप्रति प्रधानमन्त्री पुष्पकमल दाहाल सशंकित बनेका छन् । एमालेका ३९ जना सांसदको समर्थन र कांग्रेसका आठ विद्रोही सांसदको समर्थनमा केदार कार्की मुख्यमन्त्री बन्नेपछि बालुवाटारमा गरेको सहमति पालना नभएकोमा दाहाल सशंकित बनेका हुन् ।

'कांग्रेस पार्टी हो कि मञ्च हो कि मोर्चा हो ? बुझ्नसक्नु छ । कोशीमा देखिहाल्नुभयो । त्यहाँ दुईवटा गठबन्धन बन्यो । हाम्रो एउटा गठबन्धन, एमाले र कांग्रेसको अर्को गठबन्धन । लाजमर्दो,' कैलालीको धनगढीमा सोमबार प्रधानमन्त्री दाहालले भने । शनिबारको सहमति मसी सुक्न नपाउँदै तोडिएकोमासमेत दाहालले असन्तुष्टि जनाए । 'यो गठबन्धनलाई कमजोर पार्न दिइने छैन भन्ने कमिटमेन्टमा हस्ताक्षर गरायौं । यति भएपछि एमालेले गरेको चलखेल रोकियो भनेको त हिजो फेरि अर्को चलखेल भयो । हामीले कांग्रेसका एक जनामात्रै मन्त्री बनाउनु भनेका थियौं । तर, एमालेका पनि मन्त्री छिराइहालेछन्,' उनले भने ।

कोशीमा गठबन्धनले समर्थन गरेको उम्मेदवार इन्द्र आङ्बो मुख्यमन्त्री नबन्ने पक्का भएपछि कांग्रेस सभापति शेरबहादुर देउवा, प्रधानमन्त्री दाहाल र डा. शेखर कोइरालाबीच एक बुँदे सहमति भए को थियो । उक्त सहमतिलाई कतिपयले 'चिर्कटो सम्झौता'समेत भनिन थालिएको छ । उक्त सहमतिको सार थियो- अहिलेको संघीय गठबन्धनलाई कुनै पनि हालतमा कमजोर हुन नदिने । तर, कोशीमा आइतबार नवनियुक्त मुख्यमन्त्री कार्कीले आफूसँगै एमालेका राम राना मगर र कांग्रेसका विद्रोही सांसद राईलाई विनाविभागीय मन्त्री बनाए । एमालेलाई पनि सरकारमा सहभागी गराएकोमा दाहालले असन्तुष्टि पोखेका हुन् ।

**'काम गर्न गाह्रो छ'**

प्रधानमन्त्री दाहालले सरकारमा रहेर काम गर्न निकै गाह्रो भएकोसमेत बताए ।

(**बाँकी पृष्ठ ३ मा**)

## कोशी घटनाक्रम

**असोज २७** : केदार कार्की मुख्यमन्त्रीमा नियुक्त

**असोज २०** : हिक्मत कार्कीद्वारा मुख्यमन्त्री पदबाट राजीनामा

**भदौ २२** : हिक्मत कार्की दोस्रोपटक मुख्यमन्त्रीमा नियुक्त

**भदौ २१** : सर्वोच्चको आदेशसँगै उद्धव थापा मुख्यमन्त्रीबाट पदमुक्त

**साउन १६** : उद्धव थापा ४७ जना सांसदको समर्थनमा दोस्रोपटक मुख्यमन्त्रीमा नियुक्त

**साउन १६** : सभामुख बाबुराम गौतमद्वारा राजीनामा

**साउन १२** : कोशी प्रदेशका प्रमुख परशुराम खापुङ्द्वारा साउन १६ गते अपराह्न ५ बजेभित्र मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान

**साउन ११** : सर्वोच्च अदालतद्वारा कोशी प्रदेशमा उद्धव थापाको मुख्यमन्त्री नियुक्ति बदर । सात दिनभित्र नयाँ सरकार गठन गर्न आदेश

**साउन ८** : सर्वोच्च अदालतद्वारा कोशी सरकारको मुद्दा पूर्ण इजलासमा पठाउने आदेश

**असार २७**: कोशी सरकारलाई दीर्घकालीन असर पर्ने कुनै निर्णय नगर्न सर्वोच्चको आदेश

**असार २२** : कांग्रेस नेतृत्वको कोशी सरकारविरूद्ध एमालेद्वारा सर्वोच्च अदालतमा रिट निवेदन

**असार २२** : सभामुखसमेतको समर्थनमा नेपाली कांग्रेसको नेतृत्वमा सरकार गठन

**असार १५** : नेकपा एमालेको नेतृत्वमा रहेको कोशी प्रदेश सरकारले विश्वासको मत पाएन

**जेठ २३** : माओवादी सरकारबाट फिर्ता

२०८०, **जेठ १७** : जसपा सरकारबाट फिर्ता

**फागुन १७** : प्रदेशको नामाकरण कोशी

२०७९, **पुस २४** : एमालेका ४०, माओवादीका १३, राप्रपाका ६ र जसपाका एक सांसदको समर्थनमा हिक्मत कार्की मुख्यमन्त्रीमा नियुक्त

# मध्यावधि टार्दै ठूला दल

■ **जेबी योञ्जन**

**काठमाडौं–** कोशी प्रदेशका नवनियुक्त मुख्यमन्त्री केदार कार्कीले बुधबार प्रदेशसभाबाट विश्वासको मत लिने भएका छन् । शनिबार एमालेका ३९ सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका कार्कीले विश्वासको मत लिन लागेका हुन् । प्रदेशसभामा विश्वासको मत नपाए संविधानको धारा १६८ को उपधारा (५) अनुसार बनेको केदार कार्की नेतृत्वको सरकार ढल्ने छ । त्यससँगै कोशी प्रदेश मध्यावधि निर्वाचनतर्फ अघि बढ्ने छ ।

प्रमुख दलहरूको सत्ता स्वार्थका कारण आमनिर्वाचन भएको एक वर्ष नबित्दै कोशी प्रदेश मध्यावधि निर्वाचनको डिलमा पुगेको हो । संसदीय अंकगणित र राजनीतिक दलहरूको सत्ता लुछाचुँडी नै प्रदेश मध्यावधि निर्वाचनको संघारमा पुग्नुको कारण रहेको राजनीतिक विश्लेषक डा. विष्णु दाहालको बुझाइ छ । उनले भनेका छन्, 'अब ताजा जनादेशमा जानुको विकल्प नभएको देख्छु । यसको मूल कारण कुनै दलको बहुमत नआउनु र दलहरूको सत्ताकेन्द्रित घिनलाग्दा खेलहरू हुन् ।'

संविधानको धारा १६८ को उपधारा (१) अनुसार कोशीमा सरकार गठन सम्भव नै भएन । यसपछि गत वर्षको २५ पुसमा एमाले, माओवादी, राप्रपालगायत दल सम्मिलित एमालेका हिक्मत कार्कीको नेतृत्वमा सरकार उपधारा (२) अनुसार बन्यो । तर, गठबन्धन गत वर्षको फागुनमै ढल्यो । यसपछि कोशीमा कांग्रेस-माओवादीसहितको गठबन्धनले सोही धाराअनुसार सरकार गठन गरेको थियो । तर, मुख्यमन्त्री उद्धव थापाले पटक-पटक विश्वासको मत पाउन नसकेपछि उपधारा ३ अनुसार प्रदेश संसद्मा सबैभन्दा बढी सदस्य भएको दलको हैसियतमा हिक्मत नै फेरि मुख्यमन्त्री भए । उनले पनि अन्ततः विश्वासको मत नपाएपछि शनिबार प्रदेशमा उपधारा (५) अनुसार केदार कार्की मुख्यमन्त्री नियुक्त भएका छन् । एमालेको समर्थनमा कांग्रेसबाट विद्रोह गरेर उनी मुख्यमन्त्री भएका हुन् ।

प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता नरेन्द्र श्रेष्ठका अनुसार मुख्यमन्त्री कार्कीले बुधबार विश्वासको मत लिन लागेका छन् ।

(**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

### इजरायल-हमास द्वन्द्वको प्रभाव

# इजरायलका लागि श्रम स्वीकृति दिन बन्द



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले रोजगारीका लागि इजरायल जान दिँदै आएको श्रम स्वीकृति बन्द गरेको छ । वैदेशिक रोजगार विभागले इजरायलको गाजा पट्टीमा हमास समूहले आक्रमण गरेपछि उत्पन्न संकटपूर्ण अवस्थालाई मध्यनजर गर्दै इजरायल जाने श्रमिकलाई श्रम स्वीकृति दिन बन्द गरेको जानकारी दिएको छ ।

हमासले आक्रमण गरेपछि सो क्षेत्रमा जवाफी आक्रमण गर्दै इजरायलले दीर्घकालीन युद्धको घोषणा गरिसकेको छ । यस्तो अवस्थामा रोजगारीको अवसर भए पनि जोखिमका कारण कामदार पठाउन नसकिने विभागका निर्देशक एवं सूचना अधिकारी कविराज उप्रेतीले बताए । 'हमास-इजरायल युद्ध लम्बिने देखिएका कारण सामान्य परिस्थिति नबनेसम्म श्रम स्वीकृति दिन बन्द गर्ने निर्णय भएको छ,' उनले भने, 'अहिलेको विषम् परिस्थितिमा श्रम स्वीकृति पाएका र हवाई टिकट लिइसकेका कामदालाईसमेत इजरायल जान रोक लगाइएको छ ।'

केही दिनअघि इजरायल उड्ने मिति निश्चित भइसकेकाका २४ जना कामदारलाई नजान आग्रह गर्दै विभागले रोक लगाएको थियो । हाल युद्धका कारण रोजगारी तथा पढाइका लागि इजरायल पुगेका नेपालीहरू प्रभावित भएका छन् । परराष्ट्र मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार हाल इजरायलमा चार हजार ५०० नेपाली केयर गिभरको रूपमा काम गरिरहेका छन् । पछिल्लोपटक सरकारले जिटुजी सम्झौता गरेयता सरकारी तवरबाट रोजगारीका लागि झण्डै एक हजार २०० नेपाली इजरायल पुगेको विभागको तथ्यांकले देखाएको छ । युद्धकै कारण इजरायलले भर्खरै मात्र दीर्घकालीन स्याहार केन्द्रमा काम गर्न थप ५०० सहायक कामदार (केयर गिभर)को माग गरे पनि सबै प्रक्रिया स्थगित गरिएको विभागले जनाएको छ ।

त्यसैगरी युद्धकै कारण थप कामदार पठाउने र कृषिसहितका अन्य क्षेत्रमा पनि नेपाली कामदारको माग भएको सन्दर्भमा वस्तुस्थिति अध्ययन गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले गर्ने भनिएको श्रममन्त्रीस्तरीय भ्रमणसमेत प्रभावित भएको छ ।

# साउदीमा थप ५४ जनाले पाए 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ५४ जना नेपाली श्रमिकले 'एक्जिट भिसा' पाएका छन् । साउदीको अध्यागमन कार्यालयले हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका ५४ जनालाई एक्जिट भिसा दिएको हो ।

नेपाली दूतावास रियादबाट प्रक्रिया अगाडि बढाएका उनीहरूलाई एक्जिट भिसा दिइएको दूतावासले जनाएको छ । एक्जिट भिसा प्राप्त गरेका नेपालीहरूलाई यथाशीघ्र साउदी छोड्न जानकारी दिँदै समयमै भिसाको म्याद हेर्न पनि दूतावासले आग्रह गरेको छ । एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने र यसबापत कुनै पनि निकायमा कुनै शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ । एक्जिट भिसामा भएको राहदानी/ट्राभल डकुमेन्ट नम्बर र आफूसँग भएको राहदानी/ट्राभल डकुमेन्ट नम्बर एउटै भए/नभएको यकीन गरेरमात्र हवाई टिकट खरिद गर्न दूतवासले सुझाएको छ ।

दूतावासले इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने प्रस्ट पारेको छ । त्यसैगरी, कुनै केस वा जरिवाना छ भने त्यसको छिनोफानो नभएसम्म एक्जिट भिसा नलाग्ने र भिसा दिने सम्पूर्ण अधिकार साउदीको अध्यागमन कार्यालयसँग मात्रै हुने दूतावासले जनाएको छ ।

यसैबीच एक्जिट भिसा प्रक्रियाका लागि रोजगारीको सिलसिलामा विविध कारणले जरिवानामा परेका व्यक्तिहरूको विवरण संकलन कार्य सुरु गरेको दूतावासले जनाएको छ ।





अब हरेक नारी,
दुई कदम अगाडि

विशेष सुविधायुक्त हिमालयन बैंकको "नारी बचत खाता"

विशेषताहरु:

- न्यूनतम मौज्दात: रु. १,०००/– मात्र
- विभिन्न बैंकिङ्ग सेवा शुल्कमा २५% छुट
- प्रति ग्राहक एउटा लकर धरौटीमा ५०% छुट
- विदेशी मुद्रा विनिमयमा १० पैसा प्रति अमेरिकी डलर छुट
- निःशुल्क डेबिट कार्ड, खाता विवरण, एस.एम.एस. बैंकिङ्ग, मोबाइल बैंकिङ्ग, चेक बुक
- रु. १० लाख सम्मको दुर्घटना मृत्यु बीमा र रु. ५ लाख सम्मको निक्षेप सुरक्षण

*शर्तहरु लागु हुनेछन् ।

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.
himal@himalayanbank.com | www.himalayanbank.com
01-4227749
01-4246218
QR SCAN FOR MORE DETAILS.
himalayanbankltd | @himalayanbanknp | Himalayan Bank Ltd. | Himalayan Bank (Viber)

# ‘प्रहरीको अनुसन्धानमा प्रश्न उठाउने आधार छैन’

■ प्रभाव संवाददाता



**काठमाडौं–** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले मुलुकको समृद्धि, समुन्नति र सुशासनका लागि आन्तरिक सुरक्षा व्यवस्था सुदृढ हुनुपर्ने बताएका छन् । ६८औं प्रहरी दिवसका अवसरमा सोमबार प्रहरी प्रधान कार्यालयमा आयोजित कार्यक्रममा उनले मुलुकको आन्तरिक सुरक्षा व्यवस्थाको मियोका रूपमा रहेको नेपाल प्रहरीको भूमिका र कर्तव्यबोधले समग्र मुलुकको समृद्धि, कानुनी शासन र सुशासनको पूर्णअनुभूति गर्न सकिएको बताए ।

गृहमन्त्री श्रेष्ठले नागरिकको सुरक्षा सुनिश्चित गर्न चाडपर्वलगायत आफ्नो व्यक्तिगत र पारिवारिक दायित्वलाई थाती राखी देश र जनताको सुरक्षामा तैनाथ प्रहरी कर्मचारीको समर्पणभाव हरेक पुस्ता र पिँढीका लागि प्रेरणाको स्रोतका रूपमा रहने उल्लेख गरे । उनले साधन स्रोतको अभावमा पनि राज्यले सुम्पेको जिम्मेवारीलाई नेपाल प्रहरीले निष्ठापूर्वक तथा प्रविधिसँग प्रभावकारी मिश्रण गरी छिटो, छरितो र गुणस्तरीय सेवा प्रवाह गर्दै आएको बताए ।

‘आमनागरिक र राज्यले सामना गरेको हरेक विषम् परिस्थितिलाई निस्तेज तुल्याउन नेपाल प्रहरीका प्रत्येक सदस्यले पेसागत कर्तव्यपरायणतामा उच्च मनोबलका साथ खटिँदै आएका छन्,’ गृहमन्त्री श्रेष्ठले भने । नवीनतम् आविष्कार र नयाँ प्रविधिको कारण बढ्दै गएका अपराधका नयाँ शैलीविरुद्ध तदारूकता बढाउँदै वर्तमान र भविष्यमा हुनसक्ने अपराधको रोकथाम तथा सफल अनुसन्धान गर्न सक्ने गरी नेपाल प्रहरी हरदम तयारी अवस्थामा रहनुपर्नेमा उनले जोड दिए ।

निष्पक्ष अनुसन्धानले पीडितलाई न्याय दिलाउनाका साथै राज्यमा दण्डहीनताको अन्त्य हुने बताउँदै गृहमन्त्री श्रेष्ठले भने, ‘प्रहरीको अनुसन्धानमा प्रश्न उठाउने आधार छैन । कुनै स्वार्थ तथा शक्तिको प्रभाव वा दबाबमा नपरी निष्पक्ष अनुसन्धान कार्यमा नेपाल प्रहरीले सम्झौता गर्दैन भन्ने मेरो पूर्ण विश्वास रहेको छ ।’

प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले नागरिकमैत्री प्रहरीका रूपमा सांगठनिक छवि उजागरमा केन्द्रित रहन सकल दर्जाका प्रहरी अधिकृत तथा जवानलाई निर्देशन दिए । नागरिकमैत्री प्रहरीका रूपमा पारदर्शी, जवाफदेही, सेवाग्राही र नागरिक स्वीकार्य, मानवअधिकारको संरक्षण र सम्मानको कसीमा प्रहरीका काम कारबाही उत्कृष्ट हुने उनको भनाइ थियो ।

कार्यक्रममा गृहमन्त्री श्रेष्ठले प्रहरी प्रधान कार्यालयस्थित अमर प्रहरी स्मारकमा पुष्पहार अर्पण गर्नाका साथै कर्तव्य पालनाका क्रममा वीरगति प्राप्त गर्ने प्रहरीका परिवारलाई कदरपत्र प्रदान गरे । उनले प्रहरी दिवस-२०८० स्मारिका र नेपाल प्रहरीलाई निःशुल्क जग्गा प्रदान गर्ने जग्गादाताको नामावलीका साथै प्रहरीसँग सम्बन्धित स्थापना भएका अक्षयकोषको विवरण पुस्तिकासमेत लोकार्पण गरेका थिए ।

## उत्कृष्ट प्रहरी कर्मचारी पुरस्कृत

**काठमाडौं (प्रस)–** प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले ६८औं प्रहरी दिवस २०८० का अवसरमा सोमबार विभिन्न विधामा उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारी र प्रहरीलाई सहयोग पुऱ्याउने विभिन्न व्यक्तिलाई पुरस्कृत गरेका छन् ।

नेपाल प्रहरी अन्तरप्रदेश कार्यदक्षता मूल्यांकन (पुलिस व्याटन) २०८० अन्तर्गत आ-आफ्नो विधामा उत्कृष्ट कार्य गर्ने ट्राफिक प्रहरीतर्फ काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथका प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेल, नेपाल प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रहरी वरिष्ठ उपरीक्षक ध्रुवराज राउत, प्रदेश प्रहरी तालिम केन्द्र दुधौली सिन्धुलीका प्रहरी वरिष्ठ उपरीक्षक कृष्णहरि शर्मालाई उनले पुरस्कार प्रदान गरेका हुन् ।

यस्तै प्रदेश प्रहरी गण खजुरा बाँकेका प्रहरी उपरीक्षक माधवप्रसाद बुढाथोकी, जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी उपरीक्षक विपिन रेग्मी, इलाका प्रहरी कार्यालय बुटवल रूपन्देहीका प्रहरी नायब उपरीक्षक दानबहादुर थापा र प्रहरी चौकी श्रीअन्तु इलामका प्रहरी वरिष्ठ नायब निरीक्षक किरण प्रसाईंलाई पनि पुरस्कार प्रदान गरियो ।

महानिरीक्षक कुँवरले महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूमा कार्यरत प्रहरी कर्मचारीलाई प्रोत्साहन तथा उच्च मनोबल प्रदान गर्नका लागि यसै वर्षदेखि युनिसेफ नेपालको सहकार्यमा सञ्चालित विभिन्न कार्यक्रमअन्तर्गत सर्वप्रथम हुने जिल्ला प्रहरी कार्यालय कास्कीकी प्रहरी सहायक निरीक्षक समीक्षा खत्री, द्वितीय हुने जिल्ला प्रहरी परिसर काठमाडौंकी प्रहरी हवल्दार देवी पाण्डे, तृतीय हुने जिल्ला प्रहरी कार्यालय सुनसरीकी प्रहरी निरीक्षक निरला भण्डारी तथा सान्त्वना पुरस्कारतर्फ जिल्ला प्रहरी कार्यालय चितवनकी प्रहरी निरीक्षक सरिता विश्वकर्मा र जिल्ला प्रहरी कार्यालय जाजरकोटका प्रहरी सहायक हवल्दार वीरेन्द्र विकलाई कदरपत्र तथा नगद पुरस्कार प्रदान गरे ।

नेपाल प्रहरीलाई शान्ति सुरक्षा र अपराध अनुसन्धानमा सहयोग पुऱ्याउने अवकाश प्राप्त प्रहरी उपरीक्षक ध्रुवरत्न हाडा, अवकाश प्राप्त प्रहरी निरीक्षक श्याने राना र विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस संक्रमणको समयमा र डेंगी नियन्त्रणका लागि नेपाल प्रहरीलाई स्वास्थ्य सुरक्षाको सामग्री उपलब्ध गराई सहयोग गर्ने समाजसेवी रमेश केसीलाई सम्मानपत्र प्रदान गरिएको थियो ।

प्रहरी महानिरीक्षक कुँवरले प्रहरी संगठनले प्रचलित कानुनको कार्यान्वयन तथा मानवअधिकारको संरक्षण र सम्वर्द्धनलाई उच्च प्राथमिकतामा राखेको उल्लेख गरे । उनले कर्तव्यपालनाको क्रममा सम्पूर्ण प्रहरी कर्मचारीहरू त्यसतर्फ सचेत रहनुपर्ने बताए ।

## मध्यावधि टार्ने...

पृष्ठ १ बाट जारी

उपधारा (४) अनुसार ३० दिनभित्र मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान छ । तर, विश्वासको मत नपाए कार्कीको सरकार ढल्ने छ । यसपछि हुने प्रदेश मध्यावधि निर्वाचनमा जाने निश्चित छ ।

तर, मध्यावधि निर्वाचनमा जान प्रमुख राजनीतिक दलहरूले चाहेका छैनन् । बरु, मध्यावधि टार्ने प्रयासमा छन् । मुख्यमन्त्री कार्कीले नै भनेका छन्, ‘प्रदेशमा मध्यावधिको संकट म मुख्यमन्त्री भएपछि टऱ्यो ।’

उनले अब सहमतीय सरकार आवश्यक रहेकोमा जोड दिएका छन् । मुख्यमन्त्री कार्कीमात्र होइन, एमाले अध्यक्ष केपी शर्मा ओलीले पनि प्रदेशलाई मध्यावधि निर्वाचनमा जानबाट रोकिएको बताइरहेका छन् । त्यसका लागि कांग्रेसको विद्रोही समूहसँग सहकार्य गर्नुपरेको उनको तर्क छ ।

कोशीकै पूर्वमुख्यमन्त्री हिक्मत कार्कीले पनि आफू मध्यावधिको तयारीमा नभएको बताइसकेका छन् । यही असोजको २० गते प्रदेश संसद्मा विश्वासको मत लिन प्रस्ताव राख्ने क्रममा उनले मध्यावधि रोक्न भए पनि आफूलाई विश्वासको मत दिनुपर्ने बताएका थिए । तर, उनले विश्वासको मत पाएनन् । उनको सरकार ढल्यो ।

कोशीका पूर्वमुख्यमन्त्री हिक्मत र वर्तमान मुख्यमन्त्री केदारमात्रै होइनन्, ठूला दलका नेतृत्वहरू पनि कोशीमा ताजा जनादेशका लागि मध्यावधिमा जान चाहिरहेका छैनन् । प्रमुख विपक्षी दल एमालेका अध्यक्ष केपी शर्मा ओलीले कांग्रेसका विद्रोही सांसद केदार कार्कीलाई मुख्यमन्त्रीमा समर्थन गरेपछि प्रदेशमा मध्यावधिको संकट टरेको अभिव्यक्ति दिएका छन् ।

‘देशको आर्थिक अवस्था नाजुक छ, मध्यावधिमा जाँदा देशलाई ठूलो खर्च हुने देखेर मध्यावधि जोगाउन कांग्रेसको विद्रोहीलाई समर्थन गऱ्यौं,’ एमाले अध्यक्ष केपी शर्मा ओलीले आइतबार विराटनगरमा भनेका थिए ।

प्रधानमन्त्री पुष्पकमल दाहालले पनि कोशीमा मध्यावधि संकट टार्न गठबन्धनको मूख्य घटक कांग्रेसका सभापति शेरबहादुर देउवासँग सहमति जुटाएर आफ्ना दलबाट इन्द्र आङ्बोलाई मुख्यमन्त्रीमा अघि सारेको बताउने गरेका छन् । तर, आङ्बोले प्रदेश संसद्मा बहुमत सिद्ध गर्न सकेनन् । उनी मुख्यमन्त्री हुन असफल भए ।

यसरी प्रधानमन्त्री दाहालको भनाइले पनि उनी कोशीमा तत्काल ताजा जनादेशका लागि मध्यावधि चाहँदैनन् भन्ने अड्कल मानिसहरूको छ । राजनीतिक विश्लेषक डा. दाहाल मध्यावधिमा निर्वाचनमा जान पुराना दलहरू डराउनुको कारण मूल रूपमा रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)प्रतिको जनआकर्षण भएको बताउँछन् । जसले गर्दा पुराना दलहरू सकभर मध्यावधि निर्वाचन टार्ने पक्षमा देखिएको उनको विश्लेषण छ ।

प्रदेशमा प्रत्यक्ष र समानुपातिक गरी ९३ जना प्रदेश सांसद चुनिन्छन् । यसअघि संघीय निर्वाचनमा मात्र सहभागी रास्वपाका उम्मेदवार हरूले कोशीका झापा, मोरङ र सुनसरीलगायत तराईका केही निर्वाचन क्षेत्रमा पुराना दलका उम्मेदवारहरूलाई कडा टक्कर दिएका थिए । अहिले पनि यो दलप्रतिको आकर्षण उस्तै छ । एकातिर रविको दलप्रति सशंकित पुराना दलहरू पहिचान पक्षधर र राप्रपाको बढ्न सक्ने जनमतले पनि तर्सिएको टिप्पणी हुने गरेको छ ।

किनभने, पहिचानवादी शक्तिहरूले यसपटक प्रदेश नामको मुद्दालाई उचालेर राजनीतिक माहोल सिर्जना गरेको छ । कोशीमा पहिचानको पक्षमा आन्दोलन गरिरहेको दल संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका अध्यक्ष कुमार लिङ्देनले मध्यावधि भए पहिचानवादीहरूले दुई तिहाइ मत पाउने दाबी गरे । तर, ठूला दलहरू मध्यावधि निर्वाचन रोक्ने षड्यन्त्रमा लागेको उनले आरोप लगाए ।

‘लु त प्रदेशमा मध्यावधि चुनाव गरोस् । हामी जुन पहिलेको निर्वाचन नतिजा थियो, त्यो पल्टाउँछौं,’ उनले प्रभावसँग भने, ‘दुई तिहाइ बहुमत आउँछ पहिचान पक्षधरको, र कोशी नाम फेर्छौं ।’ प्रदेशमा राजतन्त्र र हिन्दू राष्ट्रको मागलाई उठाउँदै आएको दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले संसद्मा सिट संख्या बढाउनसक्ने टिप्पणीसमेत हुन थालेको छ । किनभने, देशका विभिन्न स्थानमा यतिबेला हिन्दू धर्म र राजतन्त्रको पक्षमा सडकमा प्रदर्शन भइरहेका छन् । सडकदेखि संसद्सम्मै यो मुद्दा उठिरहेको छ । यस्तो अवस्थामा प्रदेशमा मध्यावधि भए राप्रपाकोसमेत सिट संख्या बढ् नसक्ने अड्कल भइरहेका छन् ।

यसरी रविको दल रास्वपा, पहिचान पक्षधर र राप्रपा निर्वाचनबाट पहिलेभन्दा बढी जनमतसहित संसद्मा जान सक्ने बुझाइका आधारमा ठूला दलका नेताहरूको मध्यावधिप्रति अरुचि देखिएको राजनीतिक विश्लेषक डा. दाहालले बताए ।


## फिक्कल गाउँपालिका

### गाउँकार्यपालिकाको कार्यालय

खाङ्साङ, सिन्धुली

बागमति प्रदेश

### सिलबन्दि दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/३०)

मिति २०८०/०५/२१ गते प्रकाशित दरभाउपत्र आह्वानको सूचना अनुसार अनलाईन मार्फत दर्ता हुन आएका दरभाउपत्रहरू मध्ये तल उल्लेखित दरभाउपत्र दाताहरूको दरभाउपत्र न्यूनतम मूल्याङकीत सारभुत रूपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८४ (१०) को प्रयोजनको लागि सम्वन्धीत सवै दरभाउपत्रदाताहरूलाई जानकारी गराईन्छ ।

तपशिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अकं (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १ | FRM/Sindhuli/ Goods/SQ/03/080-81 | Procurement Of Stationery and Other Items. | M/S Timalsina Books and General Suppliers, Kamalamai-06 Sindhuli | रू. १३,८१,९७४।१८ |
| २ | FRM/Sindhuli/ Goods/SQ/04/080-81 | Procurement and Delivery of HDEP Pipe. | M/S L.B Multipurpose Company Pvt.Ltd, Melamchi-11 Sindhupalcok | रू. १०,८०,०४३।२६ |

–प्रमुख प्रशासकिय अधिकृत


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असोज ३० गते २०८०, मंगलबार

- **मेष** एउटै कामबाट दोहोरो लाभ मिल्नेछ ।
- **वृष** नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ
- **मिथुन** अरुले आलोचना पनि गर्न सक्छन् ।
- **कर्कट** आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ ।
- **सिंह** आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।
- **कन्या** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।
- **तुला** स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ
- **वृश्चिक** पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला ।
- **धनु** परोपकारमा रुचि बढ्नेछ ।
- **मकर** कूटनीतिक नियोगको सहयोग मिल्ला ।
- **कुम्भ** काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।
- **मीन** राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असोज ३० गते, २०८०, १७ ओक्टोबर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.९० | १३३.५० |
| युरो | १ को | १४१.१४ | १४१.७८ |
| पाउन्ड स्टिर्लङ | १ को | १६३.४१ | १६४.१४ |
| स्विस फ्रैन्क | १ को | १४७.७० | १४८.३७ |
| अस्ट्रेलियन डलर | १ को | ८५.१२ | ८५.५१ |
| क्यानाडियन डलर | १ को | ९७.७५ | ९८.१९ |
| सिंगापुर डलर | १ को | ९७.५५ | ९७.९९ |
| जापानी येन | १० को | ८.९१ | ८.९५ |
| चिनियाँ युआन | १ को | १८.२१ | १८.२९ |
| साउदी अरब रियाल | १ को | ३५.४३ | ३५.५९ |
| कतारी रियाल | १ को | ३६.४४ | ३६.६० |
| थाई भाट | १ को | ३.६८ | ३.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१८ | ३६.३५ |
| मलेसियन रिङेट | १ को | २८.२० | २८.३३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९९ |
| स्विडिस क्रोनर | १ को | १२.२२ | १२.२७ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०१ |
| हङकङ डलर | १ को | १६.९९ | १७.०७ |
| कुवेती दिनार | १ को | ४२९.९६ | ४३१.९० |
| बहराइन दिनार | १ को | ३५२.५१ | ३५४.१० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**लिंगेपिङ्मा रमाउँदै बालबालिका** | दसैंका अवसरमा नवलपरासी (बर्दघाट सुस्तापूर्व)को कावासोती–१५ मा राखिएको लिंगेपिङ खेल्दै बालबालिका । *तस्बिरः विष्णुप्रसाद गौडेल/रासस*

# नुवाकोटको किस्पाङमै अब डिप्लोमा तहको स्वास्थ्य शिक्षा



■ प्रकाश सिलवाल

**काठमाडौं–** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) को सम्बन्धनमा नुवाकोट जिल्लामा पहिलोपटक स्थानीय सरकारबाट सञ्चालन गर्ने गरी किस्पाङ गाउँपालिकामा सामान्य चिकित्सा (एचए) र 'डिप्लोमा इन फार्मेसी' का लागि आवेदन खुलेको छ ।

चिकित्सा शिक्षा आयोगको सहमतिमा यही असोज २२ गते परिषद्ले विज्ञ टोलीसहित सम्भाव्यता अध्ययन र पूर्वाधार निरीक्षण गरी सम्बन्धन दिने निर्णय गरेसँगै असोज २३ गते परिषद्को परीक्षा नियन्त्रण कार्यालयले किस्पाङ बहुप्राविधिक शिक्षालयका नाममा सूचना जारी गरी दुवै कार्यक्रमतर्फ ४०...-४० विद्यार्थी कोटा निर्धारण गरेर भर्नाको अनुमति दिएको हो ।

बागमती प्रदेशमा यी कार्यक्रमतर्फ सम्बन्धन र कोटा पाउने गाउँपालिकामध्येमै किस्पाङ गाउँपालिका पहिलो भएको छ । सो शिक्षालय जिल्लाको उत्तरी भेग तथा दुर्गम गाउँ किस्पाङ गाउँपालिका-३ ऐँसेलुमा रहनेछ ।

गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा उक्त गाउँपालिकाले गाउँसभामार्फत दुई करोड रूपैयाँ बजेट सुनिश्चित गरेर मुनाफारहित किस्पाङ बहुप्राविधिक शिक्षालय स्थापना गरी 'सामान्य चिकित्सा' र 'डिप्लोमा इन फार्मेसी' कक्षा सञ्चालन गर्न माग गरेको थियो । परिषद्ले यसअघि प्रवेश परीक्षामा सहभागी भएर उत्तीर्ण भई वैकल्पिक सूचीमा रहेका विद्यार्थीलाई भर्नाका लागि आह्वान गरेको छ भने कोटाअनुसारको भर्ना नभएलगत्तै दोस्रो प्रवेश परीक्षा गराउने जनाएको छ ।

गाउँपालिकाले शिक्षण अनुमति प्राप्त गरेसँगै कम शुल्कमा गुणस्तरीय प्राविधिक शिक्षा दिने लक्ष्यका साथ तीन वर्षका लागि एकमुष्ट एक लाख ९५ हजार रूपैयाँ शुल्क तोकेको छ । तीन वर्षको शुल्क एकमुष्ट तोकिए पनि तीन किस्तामा तिर्न सकिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केदारप्रसाद खतिवडाले बताए ।

उक्त कार्यक्रमका लागि निजी शैक्षिक संस्थाले 'सामान्य चिकित्सा'का लागि पाँच लाख र 'डिप्लोमा इन फार्मेसी'का लागि चार लाख रूपैयाँ शुल्क लिने गरेका छन् । उक्त गाउँपालिकाले 'प्राविधिक तथा उत्पादनमूलक शिक्षाः समृद्ध किस्पाङको इच्छा' नारा पारित गरी कार्यान्वयन गर्दै आएको र प्राविधिक शिक्षालाई निरन्तरता र उत्पादनमूलक शिक्षालाई जोड दिएको छ ।

स्थानीय पाठ्यक्रम निर्माण, स्वास्थ्य सहायक, फार्मेसी र जडीबुटी शिक्षा प्राथमिकतामा राखेको उपाध्यक्ष अर्जुन न्यौपानेले बताए । सो गाउँपालिकाका स्वास्थ्यसेवाका अधिकृत विनोद न्यौपानेले तीन वर्षको प्रयासपछि दुर्गम गाउँमा सुलभ मूल्यमा यस प्रकारको प्राविधिक शिक्षा उपलब्ध हुनुले कम आय भएका विद्यार्थीका लागि विशेष अवसर हुने बताए ।

पर्यटनको प्रचुर सम्भावना बोकेको किस्पाङ अब प्राविधिक शिक्षाको केन्द्र पनि बन्ने स्थिति बनेको छ । नुवाकोट जिल्लाको साविक गाविस साल्मे, भाल्चे, काहुले, फिकुरी र मनकामना मिलेर किस्पाङ गाउँपालिका बनेको हो । *रासस*

# शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जविरुद्ध आन्दोलन

**काठमाडौं (प्रस)–** शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जविरुद्ध निकुञ्ज पीडित स्थानीय आदिवासीहरू आन्दोलित भएका छन् । निकुञ्जबाट भइरहेको दमन र बन्धक बनाउने कार्य बन्द गर्न माग गर्दै ओखेनी, मूलखर्क, शंखरापुर, नुवाकोट, सिन्धुपाल्चोकलगायतका पीडितहरू आन्दोलनमा उत्रिएका हुन् । निकुञ्ज पीडित संघर्ष समिति र समान नेपालको अयोजनामा गत शनिबार शान्तिपूर्ण र्‍याली आयोजना गरिएको थियो ।

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको सैनिक ढाटबाट सुरु भएको र्‍याली सुन्दरीजल दोबाटोमा पुगेर कोणसभामा परिणत भएको थियो । संघर्ष समितिले टिकट काउन्टर बन्द गर्नुपर्ने, प्राकृतिक स्रोतको दोहन बन्द गर्नुपर्ने तथा निकुञ्जभित्र बनिरहेका तथा अब बन्ने आयोजनाहरूमा त्यहाँका आदिवासीहरूसँग स्वतन्त्र अग्रिम जानकारीसहितको मञ्जुरी (एफपिक) लिनुपर्नेलगायतका माग अघि सारिएको छ ।

शान्तिपूर्ण र्‍यालीपछिको कार्यक्रममा संघर्ष समितिका संयोजक दीपक तामाङ, सांसद शान्ति श्रेष्ठ, समान नेपालका बुद्धछिरिङ मोक्तान, स्थानीय पीडितलगायतले सम्बोधन गरेका थिए । हजारौं वर्षदेखिको ऐतिहासिक थातथलो ओखेनी, मूलखर्क, तारेभिर, चिसापनी, घुमारचोक, गागल, मणिचुडलगायतका क्षेत्रमा राज्यले शिवपुरी राष्ट्रिय निकुञ्जको नाममा त्यहाँको अदिवासीको सहमति वेगर सुन्दरीजलको जलस्रोत दोहन गर्ने, बिजुली उत्पादन गर्ने, आधार भूत भौतिक पूर्वाधारहरूबाट वञ्चित गर्ने, सैन्यकरणमार्फत त्यहाँका आदिवासी एवं स्थानीय जनतालाई चिडियाखानाको जानवरझैं कैद गर्ने काम भएको संघर्ष समितिको आरोप छ ।

उपरोक्त कार्यहरूबाट आदिवासी राष्ट्रका जनताको हक, अधिकार, स्वतन्त्रता, सार्वभौमिकता, स्वशासनको अधिकार र समग्रमा आत्मनिर्णयको अधिकारमाथि संकट पैदा भएको हुँदा सोको संरक्षणको लागि नेपालले पक्ष राष्ट्र भएर हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय सन्धी महासन्धी, घोषणपत्रहरू अन्तर्राष्ट्रिय श्रम संगठन १६९, आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र आदिले प्रत्याभूत गरेको निर्णय प्रक्रिया तथा लाभको वितरणमा स्वदेशी राष्ट्रहरूको अनिवार्य सहभागिता गराउने प्रतिबद्धताप्रति नेपाली राज्य गैरजिम्मेवार हुँदै आएको वक्ताहरूले उल्लेख गरे ।

यी सन्धी, महासन्धी, प्रतिबद्धता आदिले निर्धारण गरेको नियम तथा लक्ष्य हासिल गर्न नेपाली संविधान सन् २०१५ ले पनि आदिवासी राष्ट्रहरूको अधिकार तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन सन् १९७३ तथा मध्यावती क्षेत्र व्यवस्थापन योजना सन् २०१७ ले निर्धारण गरेको आदिवासी जनताहरूको अधिकारहरूलाई पनि लत्याउने काम भएकोप्रति उनीहरूले गम्भीर ध्यानाकर्षण गराएका थिए ।

## कांग्रेससँग प्रधानमन्त्री ...

पृष्ठ १ बाट जारी

दाहालले आफूहरू बलियो बन्न समाजवादी मोर्चा बनाए पनि यो खासै बलियो नभएकोसमेत तर्क गरे । 'मोर्चामा आबद्ध चार दललाई काम गर्न सजिलो छैन । विप्लवजी सरकारबाहिर रहेकाले बोल्ने स्वतन्त्रता छ । अलिअलि लड्ने स्वतन्त्रता छ,' दाहालले भने, 'हामी मिल्दा जम्मा ५४ सिट हो । कांग्रेस एक्लै झण्डै ९० को नजिक छ । एमाले एक्लै ८० को नजिक छ । अनि साथीहरू ठोक्नोस् बेसरी ठोक्नोस् भन्नुहुन्छ । परिस्थिति त्यस्तो छ । मिलाएर ठोकेन भने आफैंतिर उल्टिने खतरा छ । यो कुरा पनि तपाईंले बुझ्न जरुरी छ । बडो मिलाइ-मिलाइ ठोक्नु छ अझै ।'

**देउवा र शेखरलाई दुई महामन्त्रीको प्रश्न**

कांग्रेस महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले कोशी सरकार निर्माणको क्रममा देउवा र डा. शेखरले गरेको सम्झौताबारे प्रश्न उठाएका छन् । सोमबार साँझ देउवानिवास धुम्बाराहीमा भएको कांग्रेस पदाधिकारी बैठकमा बालुवाटारमा गरेको चिर्कटो सम्झौताप्रति प्रश्न उठाएका हुन् ।

मुख्यमन्त्री कार्कीले बुधबार विश्वासको मत जाँच्ने भएपछि देउवाले बैठक डाकेका थिए । बैठकमा आफूहरूले प्रधानमन्त्री दाहालसँग भएको सम्झौताबारे प्रश्न राखेको विश्वप्रकाशले दाबी गरे । 'तीन नेताले हस्ताक्षर गरेको कागजको चिर्कटो देखियो, यस्तो चिर्कटोमा सम्झौता किन गरियो, गर्नुपर्नका कारण के हुन् ? दाहाल प्रधानमन्त्री हुनुहुन्छ । सभापतिजी गठबन्धन दलको ठूलो दलको नेता, गठबन्धन बलियो बनाउन भन्दै किन चिर्कटोमा हस्ताक्षर गर्नुपरेको हो ?' आफूहरूले यस्तै विषय उठाएको विश्वप्रकाशले दाबी गरे ।

कोशी घटनाबारे कांग्रेसभित्र गम्भीर आत्मसमीक्षा हुनुपर्ने आवाज बैठकमा उठाएको शर्माको दाबी छ । 'अहिले जे भएको छ, त्यो घटनामा सभापतिले गम्भीर आत्मसमीक्षा गर्नुपर्छ । किन यो प्रकारको दुर्घटना भयो, यसको सबैभन्दा ठूलो प्रधान जिम्मेवारी, अंशियारी सभापतिले फिल गर्नुपर्छ भनेर हामीले बैठकमा राख्यौं,' महामन्त्री शर्माले भने, 'कोशीबारे महामन्त्री, सहमहामन्त्रीलगायत कसैसँग पनि सभापति र नेता कोइरालाले संस्थागत रूपमा छलफल गर्नुभएको थिएन ।' शर्माले यस प्रकरणमा डा. शेखरले पनि जवाफ दिनुपर्ने बताएका छन् ।

कोशीमा गठबन्धनले माओवादीका आङ्बोलाई मुख्यमन्त्री बनाउने निर्णय गरेपछि शेखर समूहले विद्रोह गरेको थियो । शेखर समूहले आठ जना सांसद विपक्षमा पुऱ्याएसँगै एमालेको समर्थनमा कांग्रेसका केदार कार्की मुख्यमन्त्री भएका हुन् ।


**सूचना सूचना सूचना**

काली गण्डकी सेभिङ्ग एण्ड क्रेडिट को अपरेटिभ लि. को बचत खाता नं. ११३००२१७३ को चेक नं. ७५११ देखि ७५२० सम्म तारा देवी श्रेष्ठ नामको चेक मिति २०८०/०६/०९ गते हिमाल बज्राचार्य डिल्लीबजारको अफिसबाट हराएको हुदाँ कसैले पाउनु भएमा ९८४११६२५४६ मा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०८०/०६/१९ गते ललितपुरको लभु चसिडोलबाट दिउसो ३:३० बजे बाटोमा पार्किङ गरिराखेको अवस्थामा २२० पल्सर ABS कालो, निलो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**धनीको नाम : शशीधर गिरी**
**बाइक नं.: बा.प्र.०२-०३९प ९६६२**
**च्यासिस नं.: MD2A13EX6MCJ 99403**
**इन्जिन नं. : DKXCMJ 33751**
**ठेगानाः सामाखुसी, काठमाडौं**
**सम्पर्कः ९८४१२०३१६६, ९८५१०८३९६५**

**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

यस Pigeon International Overseas Pvt. Ltd. (ई.प.नं.३८४/०५९/०६०)मा **निरोज के.सी.** (ना.प्र.नं. २५०३६९/४७०) ले यस प्रा. लि. मा Documentation Officer पदमा काम गर्दै आउनु भएको र निजको व्यक्तिगत काम विशेषको कारण यस संस्थाबाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

श्रम ईजाजत नं. ३८४/०५९/०६०

**Pigeon International Overseas Pvt. Ltd**
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०६/३० गते)

केशब लाल श्रेष्ठको नातिनी, महेश्वर लाल श्रेष्ठ/ईन्दु कुमारी श्रेष्ठको छोरी, राजु श्रेष्ठको पत्नी काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं १७ ठहिटी बस्ने रेखा श्रेष्ठको मिति २०७९/०६/२१ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको ठहिटि शाखामा रहेको बचत खाता नं.०४४०१०४४८४००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनि निज खातावालाको छोरी सुश्री ईच्छा श्रेष्ठ नाबालिका भएको नाताले मृतकको बुबा संरक्षक श्री महेश्वर लाल श्रेष्ठले यस बैंकको ठहिट शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कल सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय ठहिटिमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय ठहिटी फोन नं. ०१-५३५८४००**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/१०/२६ मा दर्ता भएको **प्रा.लि. नं. ११९५०६** को **नेपाल राइडर्स ट्राभल्स एण्ड टुर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**SUNAWARSHI MUNICIPALITY**
**OFFICE OF THE MUNICIPLE EXECUTIVE**
**DAINIYA, MORANG**
**KOSHI PROVINCE, NEPAL**

**INVITATION FOR BID**

**Published date : 2080/06/30 (2023/10/17)**

1. **Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang** invites hand bids from eligible bidder for the procurement of the following works and goods under sealed quotation procedures. The are name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (With Vat & Ps) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/ SQ/080/ 81-01 | ७५ प्रतिशत अनुदानमा सिंचाईको लागी बोरीङ्ग सामग्री वितरण कार्यक्रम | 13,40,722.26/- (Works) | 34,000 /- | 1000 /- |
| SUNMUN/ SQ/080/ 81-02 | ५० जतशत अनुदानमा सिचांईको लागी ईलेक्टिक मोटर बितरण कार्यक्रम | 19,88,336.70/- (Goods) | 50,000 /- | 1000 /- |

2. Eligible Bidder may obtain further information from **sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunbarsimun@gmail.com**
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents through office of **Sunawarshi municipality, Dianiya, Morang and deposit cost of Bidding Document in bank name of the Bank:- Civil Bank Ltd, Dainiya, Morang. A/C Name:- Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138 & SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178**
4. A complete Set of Bidding Documents May be purchased from the Office Of **Sunawarshi Municipality Dainiya, Morang** By hard copy from Office of **Sunawarshi Minicipality, Dianiya, Morang.** Bidders, submitting their bid as hand copy, should deposit the cost (non-refundable fee of **Nrs 1000/-** on or Before **2080/07/14** during office hours.) of bidding document in the Project's Dharauti Kosh Khata account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of hard copy submission of the bid.
5. Bids must be submitted to the office of the **Sunawarshi municipality** as hardcopy on before **12:00 noon on 2080/07/15.** Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on **Kartik, 15, 2080 13:00 hrs** at **sunawarshi municipality Dainiya, Morang.** Bids must be valid for a period of **45 days** and must be accompanied by Bid security, which shall be valid for minimum of **30 days** beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सडक सुरक्षामा ध्यान दिऔं

दसैं मनाउन घर जाने क्रममा सवारीसाधनले सहर छाड्ने क्रम बाक्लिँदै छ । दसैंमा सहरबाट गाउँतिर जाने सवारीसाधनको चाप हुन्छ । यो बेला दुर्घटनाको जोखिम पनि उत्तिकै हुन्छ । दसैंको छेकोमा विभिन्न सडकमा दुर्घटना भएको समाचार बढ्न थालेको छ । सोमबारमात्र काठमाडौंबाट झापा लागेको हायस माइक्रोबस दुर्घटना हुँदा १८ जना घाइते भए । टायर खुस्किएर उक्त माइक्रोबस दुर्घटना भएको प्रहरीको प्रारम्भिक अनुसन्धानमा देखिएको छ । सोमबार नै धादिङमा जिप दुर्घटना हुँदा एक जनाको मृत्यु भयो । बाँकेको खजुरामा सडक दुर्घटनामा परी एक विद्यार्थीले ज्यान गुमाए । आइतबार काभ्रेको पाँचखलमा स्कुटर दुर्घटनामा परी एक जनाको मृत्यु भयो । शनिबार सिन्धुपाल्चोकको खाडीचौरमा बसले किच्दा एक जनाको घटनास्थलमै मृत्यु भयो ।

अघिल्ला वर्षहरूको तुलनामा पछिल्ला वर्षमा सडक सुरक्षा बढे पनि दुर्घटना घटेको छैन । दुर्घटनामा पहिलेपहिले सवारी चालकलाई मात्र दोष दिने प्रवृत्ति थियो । अहिले भने दुर्घटनाका विभिन्न कारण पहिचान भएको छ । चालक, यात्रु, सडक, सवारीसाधनमा हुने कमजोरी, व्यवहार आदि सबै दुर्घटनाका कारण हुन् । सवारीधनी र चालकलाई आम्दानीको हतारो हुन्छ । यात्रुलाई अटाइनअटाइ भए पनि गन्तव्यमा पुग्नैपर्ने हुटहुटी हुन्छ । भारी सामानका कारण धेरैजसो गाडी 'ओभरलोड' हुँदा सन्तुलन गुमाउँछ । सवारीसाधनका कन्डिसन ठीक नहुँदा झापा जाँदै गरेको हायस दुर्घटना भएको देखिन्छ । यसमा चालक र सवारीधनीले ध्यान नदिएको देखिन्छ । पुराना र बिग्रेका सवारीसाधनको प्रयोगले दुर्घटना बढ्ने नै भयो । ट्राफिक प्रहरीले जाँच गर्दा चालक अनुमतिपत्र र राजस्व तिरेको छ कि छैन भन्ने विषयमा मात्र ध्यान दिन्छ । त्यसैगरी मापसे र लापसेको जाँच हुन्छ । मान्छेको कन्डिसनतिर ध्यान दिए पनि गाडीको कन्डिसन कस्तो छ भनेर जाँच्ने प्रविधि हामीसँग छैन ।

त्यसमाथि वर्षा यामपछिका बिग्रेर मर्मत गर्न नभ्याइएका बाटामा सवारी कुदाउँदा त्यसले पनि दुर्घटनाको दरलाई बढाउने नै भयो । सडक प्रयोगकर्ता, सवारी प्रयोगकर्ताको गल्ती पनि प्रशस्तै देखिन्छ । सिन्धुपाल्चोकको खाँडीचौरमा भएको दुर्घटना सवारी प्रयोगकर्ताको कमजोरीका कारण भएको देखिन्छ । चालक बढी नै उत्साहित हुँदा पनि दुर्घटना भएका उदाहरण छन् । दसैंमा नयाँ चालक, नयाँ सवारी, नयाँ बाटोले गर्दा तालमेल नमिल्न सक्छ । यसैले सडक सुरक्षा बढाउन र दुर्घटना घटाउन सबैले ध्यान दिऔं । आफ्नो गल्तीले अरुको ज्यान अकालमा नजाओस् ।

# विधाहरूको जञ्जालभित्र पत्रकारिता



▶▶ विनोद ढुंगेल

विधागत नेपाली पत्रकारिताको अभ्यासका अनेक पक्ष छन् । निकै अगाडिदेखि आर्थिक पत्रकारिता हुँदै आए पनि २०४६ सालमा प्रजातन्त्र पुनःस्थापना भएपछि व्यावसायिक रूपमा यो विधा अगाडि बढेको हो । स्वास्थ्य पत्रकारिताको कुरा गर्दा जिन्दगी नै यस विधामा बिताएका पत्रकारले पनि नयाँ स्वास्थ्य चुनौती देखिनेबित्तिकै यस प्राविधिक क्षेत्रको रिपोर्टिङ गर्दा गल्ती गर्ने सम्भावना हुन्छ, कोभिड महामारीको बेला यो स्पष्ट देखियो ।

विधागत पत्रकारिताबारे दुईवटा आलेख प्रकाशन भएपछि प्राप्त केही टिप्पणीले मलाई यस विषयमा लेख्न थप प्रोत्साहित गरेका छन् । प्रशंसा वा आलोचना होइन, यसबारेमा थप जानकारी चाहियो भन्ने कतिपय पत्रकार मित्रहरूको व्यक्तिगत आग्रहले मलाई यसै विषयमा थप लेख्न प्रेरित गरेको हो ।

विधागत पत्रकारिता शब्द अंग्रेजीको 'बिट रिपोर्टिङ'बाट अनुवादित छ । शब्दकोषहरूले साहित्यमा प्रयोग हुने विधाको अर्थ काव्य वा साहित्यमा प्रचलित नाटच, कविता, कथाजस्ता 'खासखास विषय, प्रकार वा किसिम' भनेर परिभाषित गरेका छन् । त्यसैले बिट रिपोर्टिङलाई नेपालीमा विधागत रिपोर्टिङ र यसलाई समेट्ने पत्रकारितालाई विधागत पत्रकारिता भन्नु उचित देखिन्छ ।

हालै बागमती प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालयले प्रकाशन गरेको 'विधागत पत्रकारिता हाते किताब'को सम्पादन तथा परिचयात्मक खण्ड लेख्ने क्रममा सो पुस्तकका विभिन्न लेखक तथा अन्य नेपाली तथा विदेशी अग्रजहरूले यसबारेमा गरेका टिप्पणी रोचक पाइएको थियो । अनुसन्धाता तथा पत्रकार कुमार यात्रुका विचारमा फरक-फरक धारका सूचना संकलन र सम्प्रेषण गर्नका लागि सञ्चारमाध्यमका सदस्यले विशेष मुद्दा वा विधाको जिम्मेवारी लिएर पत्रकारिता गर्ने भएकाले विधागत पत्रकारितालाई 'कार्यक्षेत्र पत्रकारिता' भन्न सकिन्छ । यसरी कुनै विषयमा समर्पित भएर गरिने पत्रकारितालाई 'विषयगत पत्रकारिता'को संज्ञा दिन सकिने वरिष्ठ पत्रकार तथा लेखक श्रीरामसिंह बस्नेतको बुझाइ रहेको पाइयो ।

'स्टोरी' तयार गर्न रिपोर्टरलाई सीमित समय दिइने भएकाले नै बिट रिपोर्टिङ हुने गरेको मिडिया समाजशास्त्रीहरूको भनाइ छ । बिट रिपोर्टिङ पत्रकारिताको सीमा भने होइन । तर, आम रिपोर्टर हरूले जुनसुकै कुरामा पनि रिपोर्टिङ गर्नुपर्छ र सबै कुराको केही न केही जानकारी राख्नैपर्छ तर विधागत पत्रकारहरू खास विषय वा विषय क्षेत्रबारे गहिरो जानकार हुनुपर्छ ।

एनबिसी न्युजका वरिष्ठ सम्पादकीय निर्देशक जोय वाङका विचारमा पत्रकारितामा बिट भनेको विशेषज्ञताको त्यस्तो क्षेत्र हो जहाँ पत्रकारले समाचार-कथाद्वारा विशेषज्ञता प्रमाणित गरेको हुन्छ । यस मामिलामा मैले प्राप्त गरेको पृष्ठपोषण हो- विधागत पत्रकारिताभित्र खासमा कुन-कुन विधा पर्छन् त ? अनि ठ्याक्कै कतिवटा विधा हुन्छन् ? सुन्दा सामान्य लाग्ने यो वास्तवमा जटिल प्रश्न हो । यस लेखमा यसै प्रश्नको सेरोफेरोमा रहेर चर्चा गरिन्छ ।

विधागत पत्रकारिताभित्र पनि विविधता छ । कोही ज्यादै फराकिलो क्षेत्र समेट्ने विधा छन् भने कुनै खास विषयमा केन्द्रित छन् । त्यसैले विधागत पत्रकारितालाई अनेक आधारमा विभिन्न किसिममा विभाजन गर्न सकिन्छ ।

कतिपय विद्वानले प्रविधिका आधारमा बाँडेका छन्- छापा, रेडियो, टेलिभिजन र डिजिटल पत्रकारिता । माध्यमभित्रै अन्तरवार्ताकार, फोटो पत्रकार, कार्टुनिस्ट, ग्राफिक डिजाइनर, टिभी क्यामरापर्सन, पाण्डुलिपि सम्पादक आदि रूपमा विशिष्टीकरण गरेर छुटयाउनेहरू पनि छन् । रक्षा, अपराध, अदालत, राजनीति, खेलकुद, मनोरञ्जनजस्ता परम्परागत विधाका कुरा गर्नेहरू त छँदै छन् ।

अहिलेको समयमा कृत्रिम बौद्धिकता, पोडकास्ट, मोजो (मोबाइल जर्नालिजम), डोजो (ड्रोन जर्नालिजम), डेटा जर्नालिजमजस्ता अत्याधुनिक रूपसमेत पत्रकारिता र विश्वविद्यालयका पाठचपुस्तकमा समेटिँदै पत्रकारिताका पुराना सीप, शैली र प्रविधिमाथि कडा दबाब पैदा गर्दै छन् । डिजिटल युगमा विधागत पत्रकारिता र सम्पादनका सम्बन्धमा सेज प्रकाशनले सन् २०२१ मा निकालेको एक पुस्तकमा सुरभी दहिया र शम्भु साहुले पनि यसबारे सविस्तार उल्लेख गरेका छन् ।

प्रविधि र सीपको विकासका आधारमा भन्दा अलि फरक विश्लेषणसहित न्युयोर्कमा मुख्यालय रहेको एनबिसी न्युजका वरिष्ठ सम्पादकीय निर्देशक जोय वाङ पत्रकारितामा मुख्य तीन आधारमा बिट छुटयाउन सकिने ठान्छन् । ती हुन्- भौगोलिक क्षेत्र विभाजन, सरकारी निकायहरूको जस्तो क्षेत्राधिकार विभाजन र सामयिक विषयवस्तुका आधारमा विभाजन । यसलाई क्रमशः स्थानका आधारमा, निकाय वा संस्थाका आधारमा र विषय क्षेत्रका आधारमा बिट पनि भन्ने गरिएको छ ।

पहिला, स्थानका आधारमा बिटको कुरा गरौं । वाङले 'मध्यपूर्व' भनेर उदाहरण दिएजसरी नेपालको सन्दर्भमा हेर्दा यो विभिन्न ब्युरो, जिल्ला, नगर, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, बसपार्क आदि छुटयाएर रिपोर्टिङ गरिने तरिकालाई लिन सकिन्छ । ठूला समाचार संस्थाले वासिङ्टन, लण्डन, मस्को, बेइजिङ, नयाँ दिल्लीजस्ता ठूला सहरमा आफ्ना विशेषज्ञतासहितका रिपोर्टर राखेका छन् । केही नेपाली मिडियाले पनि काठमाडौं महानगर, भारत प्रवास, युरोप, अमेरिका, जापान, कोरिया, अस्ट्रेलिया, गैरआवासीय नेपाली, खाडी (अरब), मलेसिया आदि बिट छुटयाएको पाइन्छ ।

दोस्रो- अदालत, प्रहरी, सेना, संसद्, दल विशेष, परराष्ट्र, वैदेशिक रोजगारी, स्थानीय सरकार, बैंक, उद्योग आदि जसरी छुटयाइएको हुन्छ । विदेशी मिडियाले पनि कर्पोरेट मात्र नभनेर त्यसभित्र कम्पनी नै तोकेर वा न्याय विभाग, स्थानीय सरकार आदि भनेर पनि बिट छुटयाएको एनबिसी न्युजका वाङको अनुभव छ ।

तेस्रो- राजनीति, युद्ध, द्वन्द्व, मानवअधिकार, विपद् मामिला, आघात, महिला, बालबालिका, ज्येष्ठ नागरिक, सामाजिक सुरक्षा, आन्तरिक सुरक्षा, यातायात, स्वास्थ्य, शिक्षा, पर्यटन, वातावरण, वन, जलवायु परिवर्तन, आर्थिक मामिला, सेयरबजार, बैंकिङ, सहकारी, ऊर्जा, संस्कृति, साहित्य, खेलकुद, मनोरञ्जन, सूचना प्रविधि, कृषि आदि हुन् ।

विधा नै नभने पनि पत्रकारिताका गुरू लालदेउसा राईले २१ वर्षअघि नै 'अखबारी पत्रकारिता' पुस्तिकामा समाचारको किसिम छुटयाएर विधागत पत्रकारिताको बाटो देखाइसकेका छन् । उनका अनुसार समाचारको विषयवस्तुका आधारमा, समाचार पाइने ठाउँ वा स्रोतका आधारमा र समयको दृष्टिकोणबाट पनि समाचार के हो बुझ्न सकिन्छ ।

विधामात्रै भनेर पनि पुग्दैन । पत्रकारितामा प्रहरी, अदालत, स्वास्थ्य आदिजस्ता विधा त मिडियाअनुसार प्रायः आधारभूत विधा नै बनेका देखिन्छन् । त्यसबाहेक खेलकुद, मनोरञ्जन, आर्थिक आदि विधालाई हेर्ने हो भने त्यहाँभित्र पनि अनेक शाखा छन् । जस्तैः मनोरञ्जनभित्र चलचित्र, रंगमञ्च, टिभी, संगीत, नृत्य आदि । खेलकुदभित्र प्रमुख खेलैपिच्छेका विशेषज्ञता । आर्थिक पत्रकारिताभित्र बैंकिङ, सेयरबजार, बिमा, व्यापार तथा वाणिज्य, सहकारी, घरजग्गा, सूचना-प्रविधि उद्योगलगायतका अनेक उपविधाको अभ्यास भइरहेको छ ।

विधाको विकास मिडियाको प्राथमिकताको आधारमा पनि हुने गरेको देखिन्छ । सम्पादक कपिल काफ्लेका शब्दमा विश्वमा पत्रकारिता युद्ध र व्यापारको समाचारका साथ उदाएको हो र त्यही कारणले गर्दा मानवअधिकार यसको पहिलो रोजाइको विषय नबनेको हो । काफ्लेको ठहर छ, 'समाजले जुन विषयलाई महत्त्व दिन्छ, त्यसलाई नै समाचार बनाउने पत्रकारिताको धर्मअनुसार सञ्चारमाध्यममा यसले महत्त्व पाउन थालेको बुझ्न गाह्रो छैन ।'

मान्छेका असीमित उत्सुकतासँगै पत्रकारिताका विधा पनि बढेका छन् । केही विधा अलि बढी लोकप्रिय छन् भने केही अलि कम । लोकप्रियताको मापन रुचि-समूहभित्र हुनुपर्छ । सञ्चार प्रतिष्ठान तथा तिनका सम्पादकीय नेतृत्वले पनि सोहीअनुरूप पत्रकारहरूलाई परिचालन गर्ने प्रचलन अन्यत्र जस्तै नेपाली पत्रकारितामा पनि बढ्दो छ । केही विधाको त लामै इतिहास बनिसकेको छ ।

विधागत पत्रकारिता आफैंमा पत्रकारिताको कुनै प्रकार भने होइन । पत्रकारिताको प्रकार भन्नुको अर्थ त अध्यापन र अनुसन्धान विधि नै अलग प्रयोग गर्ने साधारणतया एकार्कामा स्वतन्त्र पत्रकारिताका क्षेत्र हुन्, जस्तैः खोजी पत्रकारिता, फिचर लेखन, स्तम्भ लेखन आदि । भारत, गुजरातको अहमदावादस्थित नेसनल इन्स्टिच्युट अफ मास कम्युनिकेसन एण्ड जर्नालिजम (एनआइएमसिजे)का अनुसार विधागत पत्रकारिता विभिन्न प्रकारका पत्रकारिताको उपक्षेत्र हो र पत्रकारितामा विधा भन्नुको अर्थ नै कुनै पनि प्रकारको पत्रकारिताको गहिराइमा जानु हो ।

कथात्मक वा वर्णनात्मक पत्रकारिता पनि भनिने रचनात्मक तथा कथात्मक शैलीलाई सन् १९९० को दशकमा आएर 'साहित्यिक पत्रकारिता' वा 'सिर्जनात्मक गैरआख्यान'को रूपमा 'रि-ब्राण्डिङ' गरिएको थियो । नेपालमा भने त्योभन्दा करिब एक शताब्दी अगाडि नै मोतीराम भट्टको अगुवाइमा सुधासागरबाट त्यस्तो ब्राण्ड देखापरिसकेको थियो । भट्टले नै रामकृष्ण बर्मासँग मिलेर वनारसबाट निकालेको गोर्खा भारत जीवनलाई हेर्ने हो भने त त्योभन्दा १२ वर्षअगाडि पुगिन्छ ।

पत्रकारिताको आकर्षक, कठिन र सजीव पक्ष फोटो पत्रकारिताको थालनी सन् १८९० मा बेलायतमा टेलिग्राफ पत्रिकाले गरेकोमा नेपालमा त्यसको करिब ३७ वर्षपछि गोरखापत्रले सबैभन्दा पहिला तस्बिर छाप्ने इतिहास बनाएको पाइन्छ । पत्रपत्रिकामा निकै लोकप्रिय र चर्चित व्यंग्यचित्र (कार्टुन) विधा सन् १८४१ मा बेलायतबाट सुरु भएको ५५ वर्षपछि नेपाली पत्रकारितामा आइपुगेको हो ।

नेपालकै संसदीय पत्रकारिताको अभ्यासको कुरा गर्दा २०१५ सालमा संसद्को निर्वाचन हुनुअघिको सल्लाहकारसभा र निर्वाचनपछि बनेको संसद्को समाचार संकलन गरेको अनुभव नेपाली पत्रकारहरूले गरेकै हुन् । त्यतिबेला समाचारमा त्रुटि हुँदा संवाददाता नै प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाका अगाडि गृहमन्त्री सूर्यप्रसाद उपाध्यायसमक्ष स्पष्टीकरण दिन एकाबिहानै हाजिर हुनुपर्ने अनुभव भैरव रिसालजस्ता पाका पत्रकारहरूबाट अझै सुन्न पाइन्छ ।

विधागत नेपाली पत्रकारिताको अभ्यासका अनेक पक्ष छन् । निकै अगाडिदेखि आर्थिक पत्रकारिता हुँदै आए पनि २०४६ सालमा प्रजातन्त्र पुनःस्थापना भएपछि व्यावसायिक रूपमा यो विधा अगाडि बढेको हो । स्वास्थ्य पत्रकारिताको कुरा गर्दा जिन्दगी नै यस विधामा बिताएका पत्रकारले पनि नयाँ स्वास्थ्य चुनौती देखिनेबित्तिकै यस प्राविधिक क्षेत्रको रिपोर्टिङ गर्दा गल्ती गर्ने सम्भावना हुन्छ, कोभिड महामारीको बेला यो स्पष्ट देखियो ।

शिक्षा क्षेत्र र नागरिकबीच संवाद गराउनुका साथै शिक्षकको क्षमता अभिवृद्धिमा सघाउन, शिक्षण पेसाको प्रतिष्ठा तथा विद्यार्थीको ज्ञान अभिवृद्धिमा सन्देश फैलाउन, सरोकारवालाबीच सार्थक सम्बन्धका उपाय पस्कन र नीति निर्माता, कार्यान्वयनकर्ता र उपभोक्ताबीचसेतु बन्नसक्ने शिक्षा पत्रकारिताको फराकिलो आयाम छँदै छ । विज्ञान पत्रकारहरूको ठूला काम वैज्ञानिकहरूलाई नागरिकसँग जोडिदिनु हो ।

यसरी विधाहरूको व्यापक आयाम र सम्भावना देखेपछि फेरि पनि एक पत्रकारको मनमा द्विविधा उत्पन्न हुनसक्छ- के आधारमा कुन विधा छान्ने ? आधार यत्ति हो- आफ्नो रुचि र विषयवस्तुमाथिको दखल ।

पत्रकारले के आधारमा कुन विधा रोज्ने त ? भारतीय लेखक तथा पत्रकार (सन् १९१५-२०१४) खुशवन्त सिंहले रंगस्वामी पार्थसारथीको आधारभूत पत्रकारितासम्बन्धी एक किताबको भूमिकामा ४० वर्षअघि नै यसको सरल उपाय सुझाएका छन् । झट्ट हेर्दा भावनात्मकजस्तो लाग्ने उनको स्पष्ट सिफारिस छ, 'यदि तपाईं पत्रकारिताको दुनियाँमा अगाडि बढ्न चाहनुहुन्छ भने आफ्नो हृदयको सबैभन्दा नजिकको विषयमा विशेषज्ञता हासिल गर्नुहोस् र त्यसैमा विशेषज्ञ बन्नुहोस् ।' *रासस*

## मननयोग्य

### चाणक्य नीति

पुरुसँग आम्भी रिस गर्थे । सिकन्दर सिन्धु नदी पार गरी लक्षशीलामा पस्यो । आम्भीले सिकन्दरसँग सन्धि गरेको थियो । पुरुले आफ्नो सेनालाई बलियो सशक्त पार्न थालिसकेका थिए भने आफ्ना गुप्तचरहरूलाई पनि चारैतिर फैलाएका थिए ।

पुरुको राज्य झेलन र चिनारको बीचमा पर्दथ्यो । उनले आफ्नो राज्यमा सिकन्दरका सेना प्रवेश गर्न नसकुन् भनी पूरा बन्दोवस्त गरेका थिए । पुरुको यस व्यवस्थाले अहिलेसम्म सिकन्दर त्यहाँ प्रवेश गर्न सकेको थिएन ।

यस्तै, धेरै दिन बिते । सिकन्दरको भाग्य बलियो थियो । एक दिन ठूलो वर्षा भयो । झेलम नदी पानीले भरिई पार गर्नसक्ने अवस्था थिएन । पुरुले सपनामा पनि सोचेका थिएनन् । सिकन्दर यस्तो समयमा पनि युद्ध गर्न अग्रसर हुन्छ । पुरुका सेना नदी बढेको हुँदा आफ्ना शिविरमा निश्चिन्त थिए ।

सिकन्दरले यही अवसरलाई उपयुक्त ठानी फाइदा उठायो । ऊ जान्दथ्यो नदीमा तुफान उठेको छ । पार गर्न असम्भव भए पनि आफ्ना सेनालाई नदीमा प्रवेश गर्ने आदेश दिँदै आफू पनि नदीमा घोडासहित हेलियो । सेनाहरू धेरै मरे । बचेका सेना साथ लिएर सिकन्दरले झेलम नदी पार गऱ्यो । घोडाहरू काठ र डोरीद्वारा पार गरायो ।

अप्रत्याशित रूपले यसरी भएको आक्रमणले पुरु केही हड्बडाए तर धैर्य त्यागेनन्, युद्ध सञ्चालनको काम पुत्रहरूका जिम्मामा दिई सिकन्दरसँग जिउज्यान दिएर लडे । पुरुका दुबै छोरा युद्धमा मरे । बाँकी बचेका सेना लिई सिकन्दरको ठूलो सेनासँग युद्ध गरे, तर दुर्भाग्य पुरुको आफ्नै अगाडि रहेका आफ्ना सेना, युनानी सेनाद्वारा मिचिदा हड्बडाएर आफ्नै पक्षका सेनातिर दौड्दै आउँदा असङ्ख्य सेना हात्तीले कुल्चिएर मर्न पुगे । अन्तमा पुरुले लडाई हार्नुपऱ्यो । सिकन्दरले उनलाई बन्दी बनायो ।

अर्को दिन सिकन्दरका अगाडि पुरुलाई खडा गरियो । हतकडी लगाइएका पुरुसँग सिकन्दरले प्रश्न गऱ्यो- 'तपाईंसँग म कस्तो व्यवहार गरूँ ?' 'त्यही जो एक राजाले अर्को राजासँग गर्छ'- निडर भई पुरुले जवाफ दिए । यस्तो वीरोचित कुराले अवाक् भयो सिकन्दर । धेरै समयसम्म पुरुलाई उसले हेरिरह्यो र केही हाँस्दै भन्यो- 'तपाईं महाराज भन्न योग्य हुनुहुन्छ, म मित्रताको हात बढाउँछु भन्दै जितेका राज्य र अन्य साना राज्यसमेत उनलाई फिर्ता गरेर उनकै राज्यमा मिलाइदियो ।'






▶▶ वैकुण्ठ भण्डारी

# चिच्याए, आफ्नै देश सिध्याए

आज ठाहिँला बा दंग छन् । राणा शासन, राजा शासन, प्रजातन्त्र, पञ्चायत, पुनः प्रजातन्त्र, पुनः राजतन्त्र, लोकतन्त्र अनि गणतन्त्र भोगेका ठाहिँला बा किन यति दंग छन् भन्ने कुरामा पो अचम्म छ ।

फलैंचामा बसेका उनी हातमा भएको स्मार्ट फोन हेरिरहेका छन् । समुद्रपारीबाट छोराले पठाइदिएको फोनमा आजकल दिनदिनै भिडियो कल गर्छन् अनि सानो नातीसँग अँऽअँऽ भन्दै फुक्लिएर बाँकी रहेको अगाडिका दुई वटा दाँत डिच्च पारेर हाँस्छन् ।

सत्तरी वर्ष अघितिर रेडियो नेपालको समाचारमा प्यालेस्टाइनमा बम हानेको र रकेट प्रहारको खबर सुन्थे । जुनबेला भर्खर-भर्खर रेडियो स्थापना भएको थियो । त्यही रेडियोमा नेपालका भन्दा बढी विदेशका खबर आउँथे । 'झमझम पानी पऱ्यो असारको रात, बारीभरि बज्न थाले मकैका पात' प्रकृतिसँग जोडिएको नेपाली गीत पनि नसुनेका हैनन् ठाहिँला बाले । तर, आज त त्यही फोनमा असारमा परेको पानीजस्तै इजरायल र प्यालेस्टाइनमा रकेट वर्षेको र बम पड्किएको प्रत्यक्षरूपमा भिडियो नै हेर्न पाएका छन् । त्यही भएर पो ठाहिँला बा दंग भाको रे ! मोबाइलमा भिडियो हेर्दै ठाहिँला बाले भनेको । तर, कुरा त्यहाँमात्र छैन नि ठाहिँला बा ! अर्को हप्ता चिलगाडी चढेर समुद्रपारी पो जाँदै छु भन्छन् । विज्ञानको चमत्कार हो बाबु चमत्कार ! यस्तो होला भनेर कसले सोच्या थ्यो र ? सँगै बसेका मटचांग्रो कान्छालाई ठाहिँलाको जिज्ञासा ।

मटचांग्रो कान्छो जिस्कँदै ठाहिँला बालाई सोध्छ, अब तपाईहंरुको पालामा जस्तो रमाइलो कहाँ छ र अहिले ? अहिले त माया पिरतीदेखि भेटघाट सबै मोबाइलमै छ । छोरा एकातिर बुहारी अर्कोतिर ? भेट्नै मुश्किल ! तपाईंले हेरेको युद्धको भिडियो पनि त्यही मोबाइलमै काइदाको छ नि होइन र ?

के काइदा हुनु हो । यो त विकास गरेका नि । ठाहिँला बाको उत्तर आइहाल्यो । ऊ बेलादेखि अहिलेसम्म जसको शक्ति उसको भक्तिबाहेक के छ र ? सानालाई सबैले हेप्छन्, थिचोमिचो गर्छन् । मोबाइलमा भिडियो देखाउँदै ठाहिँला बा मटचाङग्रो कान्छालाई भन्छन्, यीऽ हेर यहाँ ७० वर्षअघि सुनेको युद्ध अहिले ७० वर्षपछि रकेट हानेको देख्न पाइया छ । हेर त गरिब देशको हालत ।

मटचाङग्रो कान्छाले निकै कौतुहलताका साथ सोध्छ, होइन ठाहिँला बा यत्रा ठूला ठूला घर छन कसरी गरिब हुन्छन् हो ? हामी जस्ता झुपडीमा बस्ने पो गरिब त ? यिनीहरू त रकेटै उडाउन सक्ने पनि गरिब हुन्छ त ?

'हेर न हेर यसका कुरा,' पैसाले धनी भए धनी हुने हो र मन धनी हुनु पऱ्यो नि । यिनका दुई आनामा २० तल्ले घर बनाउँछन् जग्गा जमिन थोरै भएपछि गरिब भएन । त्यसै हेपेको छ र ? संसारमा गरिब भएपछि जसले पनि हेप्छ भन्ने कुरा यो ७० वर्षसम्म नफेरिएको समाचारले देखाएको छ ।

त्यस्तो नि हुन्छ र भन्या ठाहिँला बा ?मटचाङग्रो कान्छो प्रश्न गर्छ । हुन्छ नि किन हुँदैन । नेतालाई देशको माया नभए पछि, छेपारोले रङ फेरेजस्तै विचार फेरेपछि के-के हुन्छ । विष नभएको सर्प र इख नभएको मान्छेको के काम ? कम्तीमा त्यहाँका नेतामा इख छ र त । ७० वर्षभन्दा अघिदेखि आफ्नो राष्ट्रका लागि लडेका लडचै छन् । हाम्रा त उही हो !

हाम्रा चाहिँ के ठाहिँला बा ?

के हुनु नानी आफ्नो स्वार्थका लागि जे पनि गर्न तयार हुन्छ । देशको परिवर्तन होइन आफैं परिवर्तन भइदिन्छन् । गरिबको नाम भजाउँछन् अनि आफ्नो स्वार्थ पूरा भएपछि बाबुसाहेव बन्छन् ।

कसरी ठाहिँला बा ? बालकले सोधेजस्तै गरी मटचांग्रो कान्छो सोध्छ ?

हाम्रै देशको इतिहास छ त ? ठाहिँला बा भन्छन्, नेपाल प्रजातन्त्र आएको ७० वर्ष नाघिसक्यो । त्यसयता गरिबको कुरामात्र हुन्छ । ८० वर्ष अघिसम्म राणा शासनमा राजा गरिब जनताका थिए, जनता राजाका पक्षमा थिए । त्यही भएर जनताले राणा शासन ढाले र राजालाई राजगद्दीमा राखे । उनीहरू सत्तामा पुगेपछि जनतालाई रैती बनाए । ६० वर्षअघि कांग्रेस गरिबको पार्टी बनेर आयो । जनता कांग्रेस बने, जब कांग्रेस सत्तामा पुग्यो । तिनका नेताहरू बाबुसाहेव बने जनतालाई कार्यकर्ता बनाए ।

त्यसपछि ४० वर्षअघि एमाले फेरि गरिबको पार्टी बनेर आयो । जनता एमाले भए । एमाले सत्तामा पुग्यो त्यसपछि कमरेड भन्ने नेताहरू कमाउ रेड बने र जनताको रेट पो तोके । एमाले बनेबापत कार्यकर्ताले 'लेबी' नै तिर्नुपर्ने बनाए ।

लौन, त्यत्तिले नि भएन । गरिबको बोलिदिने कोही छैन भन्दै २८ वर्षअघि सशस्त्र युद्धमा होमिएर साँच्चै सर्वहारा वर्गको नेतृत्व गर्ने भन्दै माओवादी गरिबको पार्टीका रूपमा गाउँ छिऱ्यो । जनता भोकै शोकमा बसेर भए पनि पत्याइदिए । त्यो गरिबको पार्टी भनेको सर्वहारा पनि सत्तामा पुग्यो । उसैको बलमा राजसत्ता नै ढल्यो । उसले त देश र जनताको मुहार फेर्छु भन्दै आफ्नै रूप फेरिदियो । ऊ पनि तस्कर र ठेकेदारसँग रमाउन थाल्यो ।

ठाहिँला बा बहकिन थाले । इतिहास एकोहोरो भटयाउन थाले । कुनै बेला गुमेको आफ्नो दाहिने हात मटचांग्रो कान्छोलाई देखाउँदै, 'यी हेर राष्ट्रका लागि झण्डै सहिद बनेको म' विचरा गहभरी आँशु पार्दै, डिच्च हाँसेर ठाहिँला बा भन्न थाले, 'हेर त अहिलेका उरण्ठेउलाहरू घाँटी सुक्ने गरी कराउँदै साँच्चै नै देश दलेले बिगारे भन्दै गरिबका लागि युवाहरू भन्दै दल खोलेर आए । जनताले पनि पत्याइदिए । तर ती पनि सत्तामा पुगे । विचरा तिर्खा लागेका धमाधम कमिसन र भ्रष्टाचारीसँग मिलेर द्रव्य पिउन थाले ।' तैंले पत्याउँदैनस् ? मटचाङग्रो कान्छोलाई धाप मार्दै, हेर कान्छा २० माथिको युवा देश छाडेर सबै खाडीमा, भ्रष्ट, कमिसनखोर, अत्याचारी बलात्कारी सबै सरकारी चिल्ला गाडीमा ।

यही हो विचार ? यही सिद्धान्त ? अब कसका लागि हो र ? के परिवर्तन गर्ने ? राणा फाले, पञ्चायत, फाले, प्रजातन्त्र फाले, राजा फाले अव के फाल्ने ? विचार र सिद्धान्त नै फालिसके । अब त चिच्याउने कराउनेहरूसँग फाल्ने कुरा केही पनि छैन । चिच्याउँछन्, कराउँछन्, आफ्नै देश सिध्याउने ! यिनीहरूसँग न त विचार छ, न सिद्धान्त ! हामीजस्ता बूढालाई पनि समुद्रपारी फाल्दै छन् । त्यही भएर म दंग छु ।

मैले कुरो अलि बुझिनँ ठाहिँला बा, कसरी तपाईंहरूलाई फाल्दै छन् ? ठाहिँला बा भन्छन्- ७० वर्षमा मैले परिवर्तनको महसुस नै गर्न पाएन । अब त म पनि आफैं परिवर्तन हुँदै छु । त्यही भएर पनि खुसी छु । चिलगाडी चढेर जाँदै छु कान्छा 'तेल भिसा'मा । प्यालेस्टाइनीजस्तो देशभित्रै मर्छु भन्ने आँट आएन । विदेशी गुलामी बनेर चिच्याउने र कराउनेको आश पनि भएन । ठाहिँला बाका दुई आँखाबाट झरेका बर्षे भेलले म निःशब्द भएँ !



**सरसफाइमा सुरक्षाकर्मी** | बागलुङ कालिका मन्दिर परिसरमा सोमबार सरसफाइका लागि खटिएका सुरक्षाकर्मी । दसैं सुरु भएदेखि मन्दिरमा दैनिक हजारौं दर्शनार्थी आउन थालेपछि सरसफाइलाई तीव्रता दिइएको छ ।

*तस्बिरः डम्मर बुढामगर/रासस*

# बनेपामा पनि क्यान्सर रोगको उपचार गरिने

**काभ्रेपलाञ्चोक (प्रस)–** काभ्रेपलाञ्चोकको पुरानो अस्पताल बनेपास्थित शिर मेमोरियल अस्पतालमा क्यान्सर रोगको पनि उपचार सुरु गरिने भएको छ । वि.सं. २०१७ मा स्थापित सो अस्पतालमा आउँदो कात्तिक १० गतेदेखि सबै प्रकारका क्यान्सर रोगको उपचारका लागि तयारी थालिएको जनाइएको छ ।

विभिन्न प्रकारका रोगको उपचार हुने सबैभन्दा पुरानो उक्त अस्पतालमा हाल १५० शयाबाट उपचार सेवा प्रदान हुँदै आएको छ । क्यान्सर रोगका बिरामीलाई रिफर गर्नु नपर्ने गरी १२ शयाको विभागबाट उपचार सेवा सुरु गरिने अस्पतालकी मेडिकल डाइरेक्टर डा. एन्जिला बस्नेतले बताइन् । उनका अनुसार सुरुमा क्यान्सर रोग पहिचान गर्ने र प्रमाणित भएमा त्यसको उपचारार्थ 'केमो–थेरापी' लगायत सेवा प्रदान गरिनेछ ।

यस्तै क्यान्सरका बिरामीका लागि सघन उपचार कक्ष(शयया)को व्यवस्था गरिएको छ भने केमोथेरापी सेवाको व्यवस्थाका साथै विशेषज्ञ चिकित्सक र नर्सलाई तालिम पनि दिइसकिएको छ । क्यान्सर भएपछि हुने शारीरिक, मानसिक तथा आर्थिक तनाव कम गर्ने उद्देश्यले यस अस्पतालबाट सेवा दिन थालिएको उनले बताइन् । 'क्यान्सरको उपचार पनि महँगो छैन,' निर्देशक बस्नेतले भनिन् । उपचारसँगै नागरिकमा क्यान्सरबारे सचेतना फैलाउने अभियान सुरु गर्ने योजना अस्पतालले बताएको छ ।

यस्तै महिलाका लागि हरेक महिना एकपटक आफैं 'ब्रेस्ट चेक' गर्न अनुरोध गर्नाका साथै खानपान र रहनसहनमा पनि ध्यान दिन अनुरोध गरिने उनले बताइन् । अस्पतालका निमित्त प्रमुख कार्यकारी अधिकृत सुन्दर थापाले हरेक दिन क्यान्सरका बिरामी बढिरहेको पाइएको तर बिरामीले सहज र नियमित उपचार सेवा नपाउँदा मानसिक तथा शारीरिकरूपमा थप अशक्त हुँदै गएको अवस्थामा यस अस्पतालमा उक्त रोगका बिरामीको उपचार सुरु गर्न लागिएको जानकारी दिइन् ।

यसैबीच विश्वव्यापीरूपमा स्तन क्यान्सर जागरुकता महिना (अक्टोबर) को अवसरमा स्तन क्यान्सरबारे सचेतनाका लागि नेपाल क्यान्सर रोग निवारण संस्था काभ्रेपलाञ्चोक शाखाले उक्त अस्पतालको सहकार्यमा कात्तिक ३ गते बनेपामा बृहत् र्‍याली आयोजना गर्ने भएको छ । रोग लाग्नै नदिने र लागिहाले समयमै उपचार गरी सरल जीवनयापन गर्न उत्प्रेरणा प्रदान गर्ने उद्देश्यले उक्त र्‍याली आयोजना गर्न लागिएको उनले बताइन् ।

# जंगली हात्ती नियन्त्रण गर्न स्वचालित बत्ती

**कञ्चनपुर–** जंगली हात्ती नियन्त्रण गर्नका लागि कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकाका चार वडामा स्वचालित बत्ती जडान कार्य सुरु गरिएको छ । हात्तीको बथानले किसानको खेतबारीमा छिरेर धान, उखुलगायत बालीमा नोक्सानी पुर्‍याउन थालेपछि बत्ती जडान कार्य सुरु गरिएको हो ।

हात्ती प्रभावित वडा नं ५, ६, ९ र १० मा बत्ती जडान भइरहेको वडा नं ५ का अध्यक्ष चक्रबहादुर खडकाले बताए । उनका अनुसार सम्बन्धित वडा कार्यालयले बजेटको व्यवस्था गरी बत्ती जडान गर्न थालेका हुन् ।

वडा नं ५ मा ३०, वडा नं ६ मा ६०, वडा नं ९ मा १६ र वडा नं १० मा ४० वटा बत्ती जडान भइरहेको अध्यक्ष खडकाले जानकारी दिए । जडान गरिएका बत्ती दुई वर्षभित्र बिग्रिएमा मर्मत गर्ने गरी आपूर्तिकर्तासँग सम्झौता गरिएको उनले बताए ।

'स्थानीय किसानको मागअनुसार प्राथमिकताका आधारमा बत्ती जडानको कार्य गरिरहेका छौं,' वडाध्यक्ष खडकाले भने, 'गत वर्ष दुई लाख ५० हजार रूपैयाँ बजेटमा ४० वटा बत्ती जडान गरेका थियौं । यस वर्ष दुई लाख रूपैयाँ बजेटमा ३० वटा बत्ती जडान गरिरहेका छौं ।' वडा नं ६ मा रू चार लाख बजेटमा ६० बत्ती खरिद गरी जडान भइरहेको उनको भनाइ थियो ।

'उज्यालो देखेपछि हात्ती खेतबारीमा नछिर्ने भएकाले बत्ती जडान गर्न थालिएको हो,' वडा नं ६ का वडाध्यक्ष दानबहादुर ऐरले भने, 'सेन्सरयुक्त बत्ती उज्यालो हुनासाथ आफै निभ्छ । राति हुन थालेपछि आफै जल्छ ।'

बत्ती जडानपछि स्थानीयलाई ओहरदोहर गर्न सहज हुनाका साथै हात्तीलाई टाढैबाट देख्न सकिने भएकाले सजग हुने, भगाउन सक्ने तथा रातिका बेला हुने चोरीका घटनामा कमी आउने ऐरको भनाइ थियो । *रासस*

# हराउँदै चर्खेपिङ, संरक्षणमा छैन चासो

**गलकोट–** बागलुङ नगरपालिका–५ स्थित साझखोलामा गत वर्ष सामुदायिक वन र स्थानीयवासीको सक्रियतामा चर्खेपिङ हालियो । पछिल्लो समय लोपन्मुख अवस्थामा रहेको चर्खेपिङलाई संरक्षण गर्नका लागि यहाँको सुनाखरी सामुदायिक वन र स्थानीय युवाको सक्रियतामा चर्खेपिङ हालिएको थियो ।

यसअघि साझखोलामा लिंगे पिङमात्रै हालिन्थ्यो । गत वर्ष बनाइएको चर्खेपिङलाई अहिलेसमेत हाल्ने तयारी रहेको साझखोलाका स्थानीय जुना न्युरेले जानकारी दिए । चर्खेपिङलाई स्थानीय सरकारले संरक्षण गर्न आवश्यक रहेको स्थानीयवासीको भनाइ छ ।

'यहाँ लिंगे पिङ नै थियो, गत वर्ष सामुदायिक वनको सक्रियतामा परम्पराको संरक्षण गर्न चर्खेपिङ हाल्ने निर्णय गरेर लिंगेपिङको सट्टा चर्खेपिङ हालियो,' न्युरेले भने, '१० वर्ष पहिला मालिकाको पञ्चासेमा दुई वर्षमात्रै चर्खेपिङ हालिएको थियो, त्यसयता चर्खे पिङ थिएन, गत वर्षबाट साझोखोलामा चर्खेपिङ हाल्न थालिएको हो ।' न्यूरेका अनुसार लिंगे पिङभन्दा चर्खेपिङ निकै महँगो हुने भएकाले सुनाखरी सामुदायिक वन उपभोक्ता समितिमार्फत काठ लिएर २० हजार रूपैयाँ खर्चेर पिङ तयार गरिएको हो ।

लिंगे पिङलाई भने पाँच हजारमै तयार गर्न सकिने भए पनि चर्खेपिङ लोप हुन थालेपछि स्थानीय युवाको सहयोगमा गत वर्षबाट चर्खेपिङ हाल्न थालिएको हो । पछिल्लो समय युवा पुस्ताको बेवास्ताका कारण चर्खेपिङ देखिनै छोडेको स्थानीयवासी न्युरेको भनाइ छ ।

यस्तै बागलुङ नगरपालिका–८ सिगानाको सायकोट गाउँमा दसैं तिहारमा



चर्खे पिङ नहालेको १० वर्ष पुग्यो । १० वर्ष अघिसम्म हालिँदै आइएको चर्खेपिङ युवा पुस्ताको अभाव र पिङप्रतिको मोह घट्दै गएकाले बन्द भयो । सिगानाको कायमारेमा १० वर्ष अघिसम्म दसैं र तिहारमा हालिएको चर्खेपिङ लोप भए पनि पुन लिंगे पिङ हाल्न थालियो । उक्त गाउँमा दसैं तिहारमा तीनवटा लिंगे पिङ हुनेमा अहिले मुस्किलले एउटामात्रै लिंगे पिङ देखिन्छ ।

लागतका हिसाबले समेत चर्खे पिङभन्दा लिंगे पिङ सस्तो हुने भएकाले अहिले गाउँमा लिंगे पिङमात्रै देखिने गरेका छन् । तर लिंगे पिङका लागि प्रयोगमा आउने घाँस (बाबियो)को सट्टा बजारबाट आयातीत डोरीको प्रयोग गर्न थालिएको छ । हिन्दूहरूको महान् पर्व भित्रिन थालेसँगै पिङकोसमेत छुट्टै महत्त्व हुन्छ ।

गाउँघरमा दसैं–तिहारजस्ता पर्वमा परम्परादेखि नै चलनचल्तीमा आएको चर्खेपिङ अहिले लोप हुँदै गएको छ । गाउँमा दसैं सुरु हुनु महिना अघिदेखि चर्खेपिङ बनाउनेको निकै उत्साह हुने भए पनि पछिल्लो पुस्ताको बेवास्ता र बढ्दो युवा पलायनका कारण चर्खेपिङ लोप हुन थालेको हो । अहिले भने परम्परागत चर्खेपिङ बनाउने र खेल्नेको उत्साह नहुँदा संस्कृति नै हराउँदै गएपछि साझखोलामा जस्तै परम्परा धान्नकै लागिमात्र पिङ बनाउन थालिएको हो ।

झण्डै दुई दशकअघि गाउँ–गाउँमा अनिवार्यजसो चर्खेपिङ बनाइने गरे पनि अहिले चर्खे पिङको नाममात्र लिनुपरेको बागलुङ बजारका स्थानीय काजी गाउँले श्रेष्ठले बताए । श्रेष्ठले बागलुङ बजारको रामरेखामा ५५ वर्ष अघिसम्ममात्रै चर्खेपिङ रहेको बताउँदै त्यसयता लिंगे पिङमात्रै देख्न पाइएको र अहिले यो पिङसमेत कम देखिन थालेको बताए ।

'कतिपयले संस्कृतिको संरक्षणका लागि गाउँमा चर्खेपिङ बनाउनुभएको छ, तर अहिले गाउँनैपिच्छे चर्खेपिङ देख्न पाइँदैन,' श्रेष्ठले भने, 'अब स्थानीय पालिकाले चर्खेपिङ संरक्षण नगरे अबको पाँच वर्षपछि चर्खेपिङ हैन लिंगे पिङसमेत हराउँछ ।' गाउँका युवाहरू जम्मा भएर जंगलमा काठ काटेर चर्खेपिङ बनाउँदा निकै रमाइलो हुने भए पनि पछिल्लो समय गाउँमा युवापुस्ता देख्नै नपाइने अवस्था भएकाले पिङ लोप भएका हुन् ।

चर्खेपिङ खर्चिलो र निर्माणका लागि धेरै जनशक्ति आवश्यक पर्ने हुँदा पनि अहिले लोप हुँदै गएको हो । एक पटकमा धेरै जनासम्म खेल्न सकिने यो पिङको छुट्टै विशेषता पहिले चर्खेपिङ नराखेसम्म गाउँघरमा दसैंको रौनक नै नहुने स्थानीयवासी बताउँछन् । कतिपय स्थानमा भने काठ अभावमा चर्खेपिङ राख्न छाडिएको स्थानीयवासीको ठम्याइ छ । हिजोआज वनमा काठ काट्न नपाइने नियम लगाएपछि काठ अभावले चर्खेपिङ राख्न छाडेको स्थानीय हरि सुनारले बताए । केहीले जसोतसो संस्कृति जोगाउन फाट्टफुट्ट लिंगेपिङ राख्ने गरेको पाइए पनि पहिलेजस्तो गाउँघरमा पिङ राख्ने र खेल्नेको रौनक छैन ।

युवा जनशक्ति विदेश पलायन हुनु, बाह्य संस्कृतिको प्रभाव गाउँघरमा पर्न थालेपछि यतिबेला दसैंले ढपक्कै छोए पनि गाउँघरमा पिङ राख्ने र खेल्नेको उत्साह नदेखिएको सुनारको भनाइ छ । *रासस*


## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०६/३० गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले न्युरोड शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता, जमानीकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : श्री जीवनदिप बचत तथा ऋण सहकारी संस्था लि.।**
**रजिष्टर्ड ठेगाना : का.म.न.पा.-३० ।हालको ठेगानाः का.म.न.पा.-२४,** **दर्ता नं. : ३१३५/०६६/०६७**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : छत्र बहादुर बस्नेत (अध्यक्ष)**
बुवा : सुर्य बहादुर बस्नेत
बाजे : पदम बहादुर बस्नेत
ना प्र नं. : १२-०१-७२-०२१०७
ठेगाना : मंगलटार-०५, खोटाङ

**२) नाम : मणिराम श्रेष्ठ (उपाध्यक्ष)**
बाबु : शिवराम श्रेष्ठ
बाजे : जोग लाल श्रेष्ठ
ना.प्र.नं : ५१५५/१६८८
ठेगाना : काठमाण्डौं -२७, काठमाण्डौं

**३) नाम : निर बहादुर श्रेष्ठ (सचिव तथा जमानीकर्ता)**
बुवा : टेक बहादुर श्रेष्ठ
बाजे : बिर मान बहादुर श्रेष्ठ
ना.प्र.नं : ५४७६१
ठेगाना : कठजोर-४, रामेछाप

**४) नाम : इन्द्रवती बिष्ट (कोषध्यक्ष तथा जमानिकर्ता)**
बाबु : बलराम बिष्ट
बाजे : युद्ध बहादुर बिष्ट
ना.प्र.नं : २१०१७
ठेगाना : छम्पी -०२, ललितपुर

**५) नाम : गौतम महर्जन (सदस्य)**
बाबु : सानुभाई महर्जन
बाजे : दोकमान बहादुर महर्जन
ना.प्र.नं : ८४
ठेगाना : सितापाईला -१, काठमाण्डौं

**६) नाम : दिनेश श्रेष्ठ (संचालक तथा जमानिकर्ता)**
बुवा : नर बहादुर श्रेष्ठ
बाजे : बज्र बहादुर श्रेष्ठ
ना.प्र.नं : ७६८६०
ठेगाना : सालु -७, रामेछाप

**७) नाम : सुरज श्रेष्ठ (संचालक तथा जमानिकर्ता)**
बाबु : बद्री बहादुर श्रेष्ठ बाजे : सम्मर बहादुर श्रेष्ठ ना.प्र.नं : २१३०२८/३० ठेगाना : कुहजोर-४, रामेछाप

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री पदम बहादुर बस्नेतको नाती श्री सुर्य बहादुर बस्नेतको छोरा खोटाङ जिल्ला मंगलटार वडा नं. ५ स्थित श्री छत्र बहादुर बस्नेत को नाममा मालपोत कार्यालय लगनखेलमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला सैंबु वडा नं. ४ को कित्ता नं. १३०५ को क्षेत्रफल १११.२९ ब.मि. जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. श्री मान बहादुर श्रेष्ठको नाती श्री टेक बहादुर श्रेष्ठको छोरा रामेछाप जिल्ला कठजोर वडा नं. ४ स्थित श्री निर बहादुर श्रेष्ठ को नाममा मालपोत कार्यालय लगनखेल मा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला सैंबु वडा नं. ६ को कित्ता नं. १५२७ को क्षेत्रफल ९५.३९ ब.मि. जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop



## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : A. CHINATAMBY CO LTD
पूर्व स्वीकृति मिति २०८०/०६/२९ | LT. No. : 294019 | चलानी नं. ६०२०८८५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Operator | 25 | 0 | 15000 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ०७ गते (24th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Center Overseas Concern Pvt.Ltd
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KOTA BHARU GUAN HIN COFFEE & CURRY POWDER FACTORY SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०८/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२९ | LT. No. 276596 | चलानी नं. ६०१९२२४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 7 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक १० गते (27th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUHASHA LINK PVT. LTD.
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4362338



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL SHAHEEN EST
पुर्व स्वीकृति मिति २०८०/०६/२९ | LT. No. 293988 | चलानी नं. ६०२०९१५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 4 | 0 | 1000 | ३६,८२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Salesman | 6 | 0 | 1300 | ४७,८७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ०७ गते (24th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः**निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAAD OVERSEAS PVT.LTD.
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com

# प्रभाव दैनिक

मंगलबार, ३० असोज २०८० (Tuesday, October 17, 2023)


रूपशाला

## रेश्माले ल्याइन् 'पिरतीको झोली'

युवापुस्ता माझ लोकप्रिय गायिका रेश्मा सुनुवारले करिब एक वर्षपछि नयाँ गीत 'पिरतीको झोली' सार्वजनिक गरेकी छिन् । मनोरमा सुनुवार र रवि मल्लको शब्द, कल्याण सिंहको संगीत रहेको गीतमा दीक्षित पौडेलको एरेन्ज छ । म्युजिक कम्पनी राइट ट्युन इन्टरटेन्टमेन्टको निर्माण रहेको भिडियोमा विकास लामिछाने र आभा थापाको अभिनय छ । गणेश शाहीको निर्देशन रहेको भिडियोमा विशाल थापाको सिनेमाटोग्राफी र दिन्सन शाहको सम्पादन छ । एक समय लोकप्रिय सुनुवारका 'क्या मिठो गीत', 'मै ठूली भईछु रे', 'हुरी आयो', 'मलाई कस्तो देख्छ', 'ओई नक्कले' र 'राधा तिमी' लगायत गीतहरू चर्चित छन् ।



# भट्टराईको 'ठाँटीको घाम' बजारमा



■ प्रभाव संवाददाता

**फुङ्लिङ (ताप्लेजुङ)–** पछिल्लो पुस्ताका चर्चित साहित्यकार टंकबहादुर भट्टराईद्वारा लिखित 'ठाँटीको घाम' उपन्यास सार्वजनिक भएको छ ।

घटस्थापनाका अवसरमा ताप्लेजुङ जिल्ला सदरमुकाम फुङ्लिङमा आइतबार आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गोमादेवी चेम्जोङ, जिल्ला समन्वय समिति प्रमुख छिरिङ लामा, फुङ्लिङ नगरपालिकाका प्रमुख अमिर मादेन, उपप्रमुख भीमादेवी ओझा, पाथीभारा याङवरक गाउँपालिकाका अध्यक्ष केशरकुमार मेङ्म्बो, मेरिङ्देन गाउँपालिकाका अध्यक्ष यूक हां वीर हांगाम लगायतले संयुक्तरूपमा सो कृतिको विमोचन गरेका थिए । उक्त अवसरमा उनीहरूले साहित्यकार भट्टराईलाई अगामी दिनमा निरन्तर लेखन जारी राख्न सुझाव दिए ।

ताप्लेजुङको सहायक प्रमुख जिल्ला अधिकारीका रूपमा कार्यरत भट्टराईको यसअघि 'साँझमा पारिलो तारा २०६८' (कविता सङ्ग्रह) र 'म पनि बग्दैछु साप्सु-२०७३' कथा सङ्ग्रह प्रकाशित भइसकेका छन् । सामाजिक जनजीवनलाई जीवन्त एवं सटिकरूपमा उतारिएको सो 'ठाँटीको घाम' उपन्यासभित्र विभिन्न ५३ खण्डमा अलगअलग विषयवस्तु सरल र सहज भाषामा समेटिएका छन् । उपन्यास २४५ पृष्ठको छ । उपन्यासका लेखक भट्टराईले भने, 'उपन्यासका कथावस्तु र पात्र मेरै गाउँ घर वरिपरिका हुन् । केही मेरो बुबाको साथीसमेत उपन्यासका वस्तुमा पात्रका रूपमा उभिएका छन् । गाउँ घरमा भएको सामाजिक यथार्थ परिवेश र समस्यालाई केन्दमा राखेर उपन्यासको भाव भूमि उनिएका छन् ।'

उक्त अवसरमा कञ्चनजङ्घा साहित्य प्रतिष्ठानका अध्यक्ष तथा साहित्यकार कमल भट्टराईले भने, 'यस उपन्यासले समाजमा धेरै कुरा सिकाएको छ । उपन्यास मनदन पुरस्कार प्राप्तिका लागि दाबी गर्न योग्य छ । म एकपटक आम पाठकले उपन्यासलाई अध्ययन गर्न आग्रह गर्दछु ।'

साहित्यकार तथा उपप्राध्यापक शान्तिराम नेपालले 'ठाँटीको घाम' उपन्यासले नेपाली समाजलाई नयाँ ढङ्गबाट व्याख्या, विश्लेषण गरेको जनाउँदै नेपाली उपन्यासमा यसले नयाँ आयाम थपेको छ भने । उनले भने, 'गालामा हात राखेर उपन्यासका कथा बगेजस्तै कोही कसैको मन उपन्यास पढ्दा बगिरहेको प्रस्ट नै अनुमान लगाउन सकिन्थ्यो । उपन्यासमा प्रस्तुत भएको विषयवस्तु, पात्रको चरित्रका बारेमा प्रस्तुत गर्दा प्रायः सबैले एक पटक आफ्नो बाल्यकालमा विद्यालय गएको सम्झना आइरहन्थ्यो ।'

नेपाल पत्रकार महासङ्घ ताप्लेजुङका अध्यक्ष आनन्द गौतमले उपन्यासमाथि समिक्षा गर्दै भने, 'म दुई दशकदेखि पत्रिकारिता गर्दै आएको छु । मैले कलम चलाउनुभन्दा अघि त्यो कलम र त्यसको मसीले कसैमाथि अन्याय गरिहेको छ की भनेर सोच्न यो किताबमा लेखिएको हरफले सिकाएको छ । उपन्यासले पत्रकारले कलम चलाउनुअघि प्रयोग गरिने भाषा र विषयका बारेमा सोच्न सन्देश दिएको छ ।'

उपन्यासमा रहेका विषय वस्तु हाम्रै छरछिमेक गाउँ घरको यर्थाका घटनालाई सिलसिलाबद्ध तरिकाले उठान गरेका उनले बताए । 'मैले किताब समाउँदै गर्दा र किताबका पाना पल्टाउँदै गर्दा सोचेको पनि थिइन, एकजना राष्ट्रसेवक कर्मचारीले कोही किन अनियमिततामा लुप्त हुन्छ, उसले त्यसरी कमाएको पैसा केमा खर्च गर्छ भन्ने कथामा समेटेको छ ।' पत्रकार गौतमले भने, 'यो उपन्यासले नेतालाई उच्च सम्मान दिएको छ । लक्ष्य र योजना भएको सक्षम नेतृत्वले समाजमा परिवर्तन ल्याउन सक्छ भन्ने देखाएको छ । समुदायमा भोट माग्नुअघि देखाउनुपर्ने चरित्र, समुदायले गर्ने मूल्यांकनका विषयमा प्रष्ट्याइएको छ । नेतृत्व समाजप्रति उत्तरदायी भए भोट माग्नु जानुपर्दैन जनताले आफैं नेतृत्व खोजेर आउँछन् भन्ने सन्देश दिएको छ ।'

# चार स्रस्टा सम्मानित

**काठमाडौं (प्रस)–** लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिरबाट राष्ट्रका ख्यातिप्राप्त चार स्रष्टा सम्मानित भएका छन् । साहित्यकला मन्दिरद्वारा आयोजित ३०औं स्रष्टा-सम्मान समारोहमा इतिहास शिरोमणि बाबुराम आचार्य शोध सम्मान, नारायणगोपाल सङ्गीत सम्मान र सरस्वती सम्मानबाट राष्ट्रका ख्याति प्राप्त चार स्रष्टालाई सम्मान गरिएको हो ।

संस्थाले स्थापनाकालदेखि हरेक वर्ष व्यक्तिका नाममा दुई वटा र साहित्य कलाकी आराध्यदेवी सरस्वतीका नाममा एउटा गरी तीन वटा सम्मान प्रदान गर्दै आएको छ । इतिहास शिरोमणि बाबुराम आचार्य शोध सम्मान इतिहासको क्षेत्र, साहित्य, कला र संस्कृतिका क्षेत्रमा गहकिलो खोज-अनुसन्धान गर्ने व्यक्तिलाई प्रदान गर्दै आएको छ । यो वर्ष तन्त्र विद्याका वरिष्ठ साधक एवं प्राध्यापक विद्यानाथ उपाध्याय भट्टलाई सम्मानित भएका हुन् ।

त्यस्तै, साहित्यलगायत जुनसुकै सिर्जनाका विधामा विशेष योगदान पुऱ्याउने व्यक्तित्वलाई सरस्वती सम्मान प्रदान गर्दै आएको छ । यस वर्ष वरिष्ठ कवि डा विष्णुविभु घिमिरे र मोफसलमा बसेर साहित्य-सेवामा आबद्ध वरिष्ठ कवि तथा व्यंग्यकार लक्ष्मण नेवटिया सम्मानित भएका छन् । संस्थाले शास्त्रीय, आधुनिक र लोक-सङ्गीतका क्षेत्रमा आफ्ना सिर्जनामार्फत उल्लेख्य योगदान पुऱ्याउने प्रतिभालाई नारायणगोपाल सङ्गीत सम्मानद्वारा सम्मानित गर्दै आएको छ । यस वर्ष लोकगायिका एवं सङ्गीत साधिका झुमा लिम्बूलाई सम्मान गरेको छ । प्रत्येक सम्मानबाट सम्मानित व्यक्तिलाई ताम्रपत्रसहित नगद रु एक लाख ५१ हजार प्रदान गरिएको छ ।

# 'आरती' को ट्रेलर सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** क्राइममा आधारित वेब सिरिज 'आरती' को ट्रेलर सार्वजनिक भएको छ । घटस्थापनाका दिन सार्वजनिक ट्रेलर मैथिली र नेपाली गरी दुई भाषामा रिलीज भएको छ ।

'आरती'को कथावस्तु बलात्कार र महिला हिंसामाथि आधारित छ । सिरिजमा नूतन, राज पौडेल, गीता श्री, लक्ष्मण अधिकारी, मनिषा गिरी, शिव कुर्मी, दीप नारायण शर्मा, हरि प्रसाद कँडेल र संसार अधिकारीको प्रमुख अभिनय छ । 'आरती' मा रोशन दासको कथा र निर्देशन छ भने कथा लेखन हिकमत शर्माले गरेका हुन् । मैथिली भाषामा न्यारेशन र संवाद-अनुवाद विद्यानन्द बेदर्दीले गरेका हुन् भने डबिङ्ग स्वर सरोज खिलाडी, राम भजन कामत, कृष्ण कुमार महतो, गीता श्री, अनन्त अनुराग, गजेन्द्र गजुर, गायत्री सिंह, शिवम मिश्रा, रोशन साह, रूपा यादव र रवि शर्माको छ ।

उक्त सिरिज नितेश घतानले खिचेका हुन् भने कवीर ओडले सम्पादन गरेका हुन् । आशिष दास प्रोड्युसर र राकेश शाह क्रियेटिभ प्रोड्युसर छन् । आदर्श प्रोडक्सन्स यूट्युब च्यानलमा मैथिली र ओएसआर डिजिटल च्यानलमा नेपाली ट्रेलर सार्वजनिक भएको साहित्यकर विद्यानन्द बेदर्दीले बताए । ६ वटा एपिसोड रहेको 'आरती' वेब सिरिजको सम्पूर्ण एपिसोड ओटीटी प्लेटफर्म नेट टीभी र ग्यालेक्सी टीभीमा प्रसारण हुने भएको छ ।

वेब सिरिजमा न्यायालय सत्ताधारीको औंलाको ईशारामा चल्ने, बलात्कार गरेर हत्या गरिएको वा दाइजोकै कारण मारेर देखावटी रूपमा फाँसीमा झुण्ड्याइएका आरतीहरूलाई न्याय दिन कति बेइमानी भइरहेको छ भन्ने कुरालाई चित्रण गरिएको छ ।

यस सिरिजमा इतिहासमा सती प्रथाका कारण सती जानेहरू देशलाई सरापेको तर समाजका दानवहरूले आफ्नो स्वार्थका लागि ज्यानको आहुति दिन बाध्य बनाउने चेलीबेटीहरूद्वारा समाज र देश श्रापित नहोस् भन्ने आम जनता भावलाई यस सिरिजमा प्रस्तुत गरिएको बेदर्दीले जनाएका छन् ।

## रंगशाला

# त्रिकोणात्मक सिरिजका लागि नेपालको टिम घोषणा

## सन्दीप टिमबाट बाहिर, फर्किए ललित राजवंशी

■ प्रभाव संवाददाता




**काठमाडौं–** काठमाडौंमा हुने त्रिकोणात्मक क्रिकेट सिरिजका लागि राष्ट्रिय क्रिकेट टिमको घोषणा गरिएको छ । नेपाल क्रिकेट संघ क्यानले रोहित पौडेलको कप्तानीमा १८ सदस्यीय नेपाली टिमको घोषणा गरेको हो । पौडल कप्तान रहेको नेपाली टिममा आरिफ शेख, कुशल भुर्तेल, कुशल मल्ल, दिपेन्द्र ऐरी, सन्दीप जोरा, गुल्सन झा, सोमपाल कामी, करन केसी, प्रजित जिसी, ललित राजवंशी, अभिनाश बोहरा, विवेक यादव, सागर ढकाल, बिनोद भण्डारी, लोकेश बम, सुर्य तामाङ र मौसम ढकाल रहेका छन् । हङकङ र यूएईलाई समावेश गरेर नेपालले काठमाडौंमा त्रिकोणात्मक क्रिकेट सिरिजको आयोजना गर्दैछ । टी ट्वान्टी विश्वकप छनोटको तयारी स्वरूप सिरिज आयोजना हुन लागेको हो । लिग चरणका खेल मुलपानी अन्तराष्ट्रिय क्रिकेट मैदानमा र फाइनल खेल त्रिवि खेल मैदानमा हुने कार्यक्रम छ ।

यसैबीच स्टार क्रिकेटर सन्दीप लामिछाने घोषित नेपाली टिमको सूचिमा समावेश भएका छैनन् ।सन्दीपले यसअघि आफु मानसीक रूपमा थकित भएको भन्दै केही समय परिवारसँग बिताउन चाहेको बताएका थिए । सोही कारण त्रिकोणात्मक सिरिजमा आफुलाई नराख्न भनेका थिए । सन्दीपको इच्छा अनुसार क्यानले उनलाई त्रिकोणात्मक सिरिजमा राखेको छैन । यसअघि घाइते भएका ललित राजवंशी भने यस सिरिजका लागि टिममा परेका छन् ।

# झापा–११ एकता स्पोर्टिङ गोल्डकपको फाइनलमा



**बिर्तामोड (प्रस)–** मोफसलको चर्चित टिम झापा ११ एफसी चारपानेमा जारी दोस्रो एक्सपर्ट एकता स्पोर्टिङ गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

बिर्तामोड २ बेलडाँगीस्थित वीर अमरसिंह माध्यमिक विद्यालयको खेलमैदानमा सोमबार भएको पहिलो सेमिफाइनल खेलमा सैनिक एफसीलाई फराकिलो गोल अन्तरले हराउँदै झापा ११ उपाधि नजिक पुगेको हो । खेल अवधिभर झापा ११ ले सैनिकलाई दबाबमा राखेको थियो । उत्कृष्ट फिनिसिङ र पास खेलेको झापा ११ ले सैनिकलाई ६-२ गोल अन्तरले हराएको हो ।

खेलको १५ औं मिनेटमा झापाका पेमा तामाङले गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । खेलको ३० औं र ५० औं मिनेटमा मनिष लिम्बूले गोल गर्दै टिमलाई तीन गोलको अग्रता दिलाएका थिए । खेलको ४४ औं र ६० औं मिनेटमा प्रदिप बुढाथोकीले गोल गरे भने ५४ औं मिनेटमा विशाल थिङले एक गोल गरेका थिए ।

सैनिकका लागि राष्ट्रिय टोलीका पूर्व सदस्य रेजिन सुब्बाले दुई गोल गरेका थिए । सुब्बाले ५२ औं र ६२ औं मिनेटमा गोल गरेका थिए । खेलको प्लेयर अफ द म्याच झापा ११ का दुई गोलकर्ता मनिष लिम्बू भए । प्रतियोगिताको फाइनल खेल कात्तिक ३ गते हुनेछ । प्रतियोगिताको विजेताले १ लाख ११ हजार १११ र उपविजेताले ५५ हजार ५५५ रूपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र पाउने छन् ।

# एरिका नगदसहित पुरस्कृत

■ प्रभाव संवाददाता



**काठमाडौं–** १९औं एसियाली खेलकुद प्रतियोगितामा नेपाललाई ऐतिहासिक रजत पदक दिलाउने कराँते खेलाडी एरिका गुरुङ सोमबार नगद पुरस्कारसहित सम्मानित भएकी छन् । एरिकालाई नेपाल सोतोकान कराँते महासंघका अध्यक्ष निवासगोपाल बैद्यले आफ्नो ब्यक्तिगत तर्फबाट दुई लाख रूपैयाँ नगद पुरस्कारसहित सम्मानित गरेका हुन् ।

नेपाल कराँते महासंघका सल्लाहकारसमेत रहेका वैद्यले १९औं एसियाली खेलकुद सुरु हुनुअघि नै कराँतेमा पदक जित्ने खेलाडीलाई आफ्नो ब्यक्तिगततर्फबाट नगद पुरस्कार प्रदान गर्ने घोषणा गरेका थिए । सोही अनुरूप उनले एरिकालाई नगद पुरस्कारसहित सम्मानित गरेका हुन् । चीनमा सम्पन्न एसियाली खेलकुद प्रतियोगितामा वैद्य नेपाली कराँते टोलीको व्यवस्थापकको भूमिकामा पनि थिए । ललितपुरको पाटनमा सोमबार आयोजित कार्यक्रममा वैद्यसँगै राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टंकलाल घिसिङ, बागमती प्रदेशसभाका सदस्य मिनकृष्ण महर्जन, नेपाल कराँते महासंघका अध्यक्ष युवराज लामा, महासंघका महासचिव दावा गुरुङलगायतले एरिकालाई नगद पुरस्कार बराबरको चेक र सम्मानपत्र प्रदान गरे ।

'प्रतियोगितामा मैले जिते पनि यो पदक देशको हो । यो पदक सम्पूणर् नेपालीको हो । यो पदक राखेप र कराँते महासंघको पनि हो,' नगद पुरस्कासहित सम्मानित भएपछि एरिकाले भनिन्, 'यो सम्मानले मेरो हौसला बढाएको छ र मेरो काँधमा अझ उत्कृष्ट प्रदर्शन गर्नु पर्ने जिम्मेवारी पनि थपेको छ ।' एरिकाले १९औं एसियाली खेलकुदमा जितेको पदक नेपाली खेलकुदका लागि ऐतिहासिक थियो । यसअघि नेपालले एसियाली खेलकुदको कराँतेमा रजत पदक जित्न सकेको थिएन । नेपालले एसियाली खेलकुदको इतिहासमा जितेको त्यो केवल तेस्रो रजत पदक पनि थियो ।

यसअघि नेपालले सन् १९९८ मा थाइल्यान्डको बैंककमा सम्पन्न १३औं एसियाली खेलकुदका पहिलो पटक रजत पदक जितेको थियो । त्यतिबेला नेपाली तेक्वान्दो खेलाडी सविता राजभण्डारीले नेपालका लागि रजत पदक जितेकी थिइन् ।

त्यसपछि सन् २०१८ मा इन्डोनेसियाको जकार्ता र पालेम्बाङमा सम्पन्न १८औं एसियाली खेलकुदमा नेपालले प्याराग्लाइडिङमा रजत पदक जितेको थियो । एरिकाका अतिरिक्त १९औं एसियाली खेलकुदमा नेपालको महिला कब•ी टोलीले पनि कांस्य पदक जितेको थियो । एसियाली खेलकुदमा नेपालले महिला कब•ीमा पहिलो पटक पदक जितेको हो ।

राखेपका सदस्यसचिव घिसिङले आगामी दिनमा एरिकालगायतका कराँते खेलाडीले अन्तर्राष्ट्रिय प्रतियोगितामा अझ उत्कृष्ट प्रदर्शन गर्ने विश्वास व्यक्त गरे । 'एरिकाले खेलाडीको भूमिकामा देशका लागि अझ बढी योगदान गर्न बाँकी छ । यसका लागि राखेपले पनि आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्नेछ,' उनले भने । विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाडीले पदक जितेबापत सरकारले दिनु पर्ने नगद पुरस्कार दिन निकै ढिलो गर्ने गरेको आरोप लागिरहँदा सदस्यसचिव घिसिङले भने सरकारले दिने नगद पुरस्कार पनि एरिकाले छिट्टै नै पाउने प्रतिबद्धता पनि व्यक्त गरे । उनले भने, 'एसियाली खेलकुदमा रजत पदक जितेबापत एरिकाले पाउने १९ लाख ५० हजार रूपैयाँ पनि छिट्टै प्रदान गरिने छ ।'

कराँते महासंघका अध्यक्ष लामाले नेपाली खेलकुदमा वैज्ञानिक प्रशिक्षण प्रणाली तथा खेलाडीको विषयमा हुने अध्ययन र अनुसन्धानको कमी रहेको धारणा व्यक्त गरे । 'विश्व खेलकुद निकै जटिल बन्दै गएको छ । खेलकुद विज्ञानलाई अंगिकार नगरि अबको खेलकुद अगाडि बढ्न सक्दैन । त्यसैले कराँते महासंघले पनि स्पष्ट योजना बनाएर यसतर्फ अगाडि बढ्ने तयारी गरिरहेको छ,' उनले भने ।

राखेपका पूर्वसदस्यसचिव समेत रहेका लामाले खेलकुद क्षेत्रको विकासमा निजी क्षेत्रको समेत ध्यान जानु पर्ने धारणा व्यक्त गरे । 'एसियाली खेलकुदजस्ता ठूला अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्ने खेलाडीतर्फ कर्पोरेट हाउसहरूको पनि ध्यान जानु पर्छ । एउटा खेलाडीले पदक जितेर सिङ्गो देशको गौरव बढाउँछ भने खेलाडीको सम्मान गर्नु पनि हामी सबैको सामूहिक दायित्व हो,' उनले भने ।

बागमती प्रदेशसभाका सदस्य महर्जनले खेलकुद क्षेत्रको विकासमा विगतदेखि नै सरकार उदासीन रहँदै आएको धारणा व्यक्त गरे । 'म आफै पनि खेलकर्मी हुँ । राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी हुँदै म राखेपको कोषाध्यक्षसमेत भएँ । अहिले म राजनीतिमा सक्रिय छु । तर, दुःखपूर्वक भन्नुपर्छ खेलकुद क्षेत्रको विकासमा सरकारले यथोचित ध्यान पुऱ्याउन सकेको छैन,' उनले भने, '१९औं एसियाली खेलकुदको तयारीमा लागि कराँते खेलाडीलाई वैदेशिक प्रशिक्षणमा पठाउँदा खोज्दा खेलाडीलाई केही राष्ट्रले प्रवेशाज्ञा दिएनन् । त्यति सामान्य कुराका लागि समेत सरकारले पहल नगर्नु दुःखद पक्ष हो ।'

# इजरायल–गाजा युद्धको छायाँमा शिखर सम्मेलन




**बेइजिङ–** चीनले सोमबार १३० मुलुकका प्रतिनिधिका लागि एक शिखर सम्मेलनको तयारी गरेको छ जसलाई इजरायल-गाजा युद्धले ओझेलमा पार्नेछ ।

चीनको बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) मञ्चका शीर्ष आमन्त्रितहरूको सूचीमा रुसका राष्ट्रपति भ्लादिमिर पुटिन छन् । युक्रेनमा आक्रमण गरेसँगै आफ्नो शासन विश्वमाझ एक्लिएपछि विश्वशक्तिका रूपमा पुटिनको यो पहिलो विदेश यात्रा हुनेछ ।

बिआरआईको एक दशकको अवसरमा आयोजना हुन लागेको सम्मेलनमा चिनियाँ राजधानी बेइजिङमा विश्वका नेताहरू जम्मा हुन थालेका छन् । चीनको पहुँचलाई विश्वव्यापी विस्तार गर्न चिनियाँ राष्ट्रपति सि चिनफिङको बिआरआई एउटा प्रमुख परियोजना हो ।

चीनले मञ्चमार्फत आफ्नो स्थान विश्वको अग्रणी शक्तिको रूपमा पुर्‍याउन सहयोग पुग्ने अपेक्षा गरिरहेको बेला प्यालेस्टिनी लडाकु संगठन हमाससँगको इजरायलको युद्धले निरन्तर महत्त्व पाएको छ । हमास इस्लामिक लडाकुहरूले अक्टोबर ७ मा इजरायलमा भीषण रकेट हमला गरेपछि इजरायलले हमासविरुद्ध युद्धको घोषणा गरेको छ । हमासको आक्रमणमा इजरायलमा एक हजार ४०० भन्दा बढी मारिएका छन् ।

हमास शासित हमास गाजा पट्टीमा इजरायली बमबारीपछि उक्त क्षेत्रबाट १० लाखभन्दा बढी सर्वसाधारण आफ्नो घर छोडेर भागेका छन् । गाजामा इजरायली हमलामा कम्तीमा दुई हजार ६७० जनाको मृत्यु भएको छ र मर्नेहरूमा अधिकांश सर्वसाधारण रहेका छन् ।

चीनका विदेशमन्त्री वाङ यीले गाजामा इजरायलको कारबाही 'आत्मरक्षाको दायराभन्दा बाहिर' भएको भन्दै गाजामा नागरिकहरूको सामूहिक सजाय इजरायली सरकारले बन्द गर्नुपर्ने बताएका छन् । 'इजरायलले संयुक्त राष्ट्रसंघका महासचिव र अन्तर्राष्ट्रिय समुदायको आह्वानलाई गम्भीरतापूर्वक सुन्नुपर्छ र गाजाका नागरिकमाथि सामूहिक सजाय बन्द गर्नुपर्छ,' उनले आइतबार भने । वाङको उक्त टिप्पणी चीनले हालसम्म व्यक्त गरेको टिप्पणीमध्येकै कडा हो ।

आफ्नो विज्ञप्तिमा इजरायल-गाजा द्वन्द्वमा विशेषगरी हमासको नाम उल्लेख नगरेको भन्दै पश्चिमी अधिकारीहरूले बेइजिङको आलोचना गरेका छन् । विदेशमन्त्री वाङले आइतबार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनसँग टेलिफोन कुराकानी गरेका थिए । कुराकानीका क्रममा अमेरिकी विदेशमन्त्री ब्लिंकेनले चीनलाई मध्यपूर्वमा आफ्नो 'प्रभाव' गरेर शान्ति कायम गर्न आग्रह गरेका थिए ।

चीनको इरानसँग न्यानो सम्बन्ध छ । इरानको सर्वोच्च नेतृत्वको हमास र हेज्बोल्लाह दुवैलाई समर्थन छ । हेज्बोल्लाह लेबनानी लडाकु समूह हो जसले इजरायलविरुद्ध युद्धको दोस्रो मोर्चा खोल्न सक्छ । यसै वर्षको सुरुमा चीनले पूर्व क्षेत्रीय शत्रुहरू इरान र साउदी अरेबियाबीच मध्यस्थता गरेको थियो । इजरायल-हमास द्वन्द्वको युद्धविराम गर्न र शान्ति वार्तालाई अघि बढाउन बेइजिङका विशेष दूत झाई जुनले यसै साता मध्यपूर्वको भ्रमण गर्नुहुने चीनको सरकारी प्रसारक संस्था सिसिटिभीले आइतबार बताएको थियो । यद्यपि, सिसिटिभीले मध्यपूर्वको कूल मुलुकको भ्रमण हुने हो भन्ने केही उल्लेख गरेन ।

### रणनीतिक निर्भरता

मंगलबारदेखि सुरु हुने दुई दिने बिआरआईको मञ्चमा सहभागी हुन विभिन्न देशका नेताहरू बेइजिङ पुगिसकेका छन् । बेइजिङ आइपुगेका नेताहरूमा हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बान, चिलीका राष्ट्रपति ग्याब्रियल बोरि, केन्याका राष्ट्रपति विलियम रुटो र इथियोपियाका प्रधानमन्त्री अबी अहमद छन् ।

सोमबार रुसी विदेशमन्त्री सर्गेई लाभरोभ बेइजिङ उडे र केही घण्टामै चिनियाँ विदेशमन्त्री वाङसँग वार्ता गरेका छन् । रुसी राष्ट्रपति पुटिन राति आउने अपेक्षा गरिएको छ । छिमेकी मुलुक युक्रेनमाथिको आक्रमणका कारण आफ्नो देशलाई अन्तर्राष्ट्रियरूपमा एक्ल्याएपछि पुटिनको चीनमाथिको रेणनीतिक निर्भरता बढको छ । यो वर्ष चीन र रुसबीचको व्यापार युक्रेनमाथि मस्कोको युद्ध सुरु भएदेखि नै नगन्यस्तरमा बढेको छ । रुसी तेलको चिनियाँ आयातले अन्तर्राष्ट्रिय प्रतिबन्धमा परेको रुसको अर्थतन्त्रलाई महत्त्वपूर्ण योगदान गरेको छ ।

आफूलाई तटस्थ पक्षको रूपमा स्थापित गर्न चीनले युक्रेनमाथिको युद्धको आलोचना गर्न अस्वीकार गरेको छ । तर यही बेला उसले मस्कोलाई महत्त्वपूर्ण कूटनीतिक र वित्तीय सहयोगको प्रस्ताव गरेको छ । *रासस/एएफपी*

# कम्बोडियामा चिनियाँ लगानीको विमानस्थल सञ्चालन



**कम्बोडिया–** उत्तरपश्चिम कम्बोडियाको पर्यटकीय केन्द्रमा सोमबारदेखि चिनियाँ लगानीमा निर्मित सिएम रिप अंकोर अन्तर्राष्ट्रिय विमानस्थल (एसअएआई) सञ्चालनमा आएको छ । बैंकक एयरवेजले पहिलो व्यावसायिक उडानले सोमबार बिहान विमानस्थलमा अवतरण गर्दा कम्बोडियाका उपप्रधानमन्त्री भोंसे भिसोथले न्यानो स्वागत गरेका थिए ।

कार्यक्रममा उनले तीन हजार ६०० मिटरको धावनमार्ग भएको एसएआई ४-ई स्थरको अन्तरर्राष्ट्रिय विमानस्थल भएको उल्लेख गर्दै यसले लामो दूरीका उडानलाई समायोजन गर्न सक्ने बताए । उनले नयाँ विमानस्थलको सञ्चालनले कोभिडले पछाडि परेको पर्यटन क्षेत्रको विकास हुने तथा कम्बोडिया र चीनबीच सद्भाव वृद्धि हुने विश्वास व्यक्त गरे । विमानस्थलको निर्माण र सञ्चालनसँगै चीन र कम्बोडियाको पर्यटन व्यापार र अर्थतन्त्र विकासमा योगदान पुर्‍याउने उनको भनाइ थियो । एसएआईमा चीनको युनान इन्भेस्टमेन्ट होल्डिङ लिमिटेड सम्बद्ध एंकोर इन्टरनेसनल एयरपोर्ट इन्भेस्टमेन्ट कम्पनीले लगानी गरेको हो । *रासस/सिन्ह्वा*

# ग्रेटवालमा प्राचीन हतियार भण्डारको भग्नावशेष फेला

**बेइजिङ–** युनेस्कोको विश्व सम्पदा सूचीमा रहेको बादलिङ ग्रेटवालको पश्चिमी भागमा अवस्थित एक भवनको भग्नावशेषबाट चिनियाँ पुरातत्त्वविद्हरूले प्राचीन ढुंगाको ग्रिनेड फेला पारेका छन् ।

पुरातत्त्वविद्हरूले ग्रेटवालको छेउमा रहेको उक्त भवन हतियार भण्डारण गर्ने गोदाम रहेको विश्वास गरेका छन् । 'ग्रेटवालको छेउमा यस्तो हतियार भण्डारण गरेर राखिएको फेला परेको यो पहिलोपटक हो जसले हाम्रो यसअघिको धारणालाई बदलिदिएको छ,' नगरपालिका पुरातत्त्व संस्थाका अनुसन्धानकर्मी साङ हेङले भने ।

यसअघि पुरातत्त्वविद्हरूले ४०० वटा त्यस्तै किसिमका ढुंगे ग्रिनेड फेला पारेका थिए जुन प्राचीन ग्रिनेडको आदिम संस्करण थिए । मिङ वंश (सन् १३६८ देखि सन् १६४४ सम्म) को समयमा ग्रेटवालको सुरक्षा गर्न ती हतियारलाई सामान्य हतियार मानिएको थियो ।

'अविष्मरणीय देखिने यी ढुंगाहरूमा बारुद भर्नका लागि बीच भागमा गोलो प्वाल बनाइएको छ, बारुद भरेपछि त्यसलाई बन्द गरेर बाहिर फयाँक्न सकिन्छ जसले शत्रुलाई मारमात्र हान्दैन शत्रुलाई पराजित गर्न विष्फोट पनि गराउन सक्छ,' साङले भने ।

ग्रेटवालका टावरहरूमाथि शत्रुलाई पराजित गर्न भाँडा, थाल, कचौरा, कैंची, बेल्चाजस्ता भाँडाकुँडासँगै अग्निकुण्ड र स्टोभ पनि राखिएका छन् जसले मिङ वंशमा सीमा रक्षकहरूको दैनिक जीवनलाई झल्काउँछ । उत्खननका क्रममा ढुंगाको किल्लासहित सीमा सुरक्षाका लागि अन्य सामग्रीहरू पनि फेला परेका थिए ।

ग्रेटवालमा धेरै अन्तरसम्बन्धित पर्खालहरू छन् । कुनै त दुई हजार वर्ष अघिका पनि छन् । अहिलेको ग्रेटवालको लम्बाई २१ हजार किलोमिटर रहेको छ । सन् २००० देखि २०२२ सम्ममा बेइजिङमा ११० वटाभन्दा बढी ग्रेटवाल संरक्षण परियोजना सम्पन्न भएका छन् । *रासस/सिन्ह्वा*

## गाजामा 'युद्धविराम' को समाचार इजरायलद्वारा अस्वीकार

**जेरुसेलम–** विदेशी नागरिकहरूलाई इजिप्ट भाग्न अनुमति दिन गाजामा अस्थायी युद्धविराम भएको भन्ने समाचारलाई इजरायली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुको कार्यालयले सोमबार अस्वीकार गरेको छ ।

यद्यपि उत्तरी गाजाबाट दक्षिणतिर भाग्न स्थानीय समयअनुसार बिहान ८ बजेदेखि दिउँसोसम्म सीमित समय थप्न इजरायली सेनाले वाचा गरेको छ ।

इजरायल, इजिप्ट र अमेरिकाबीच गाजा र इजिप्टको बीचमा रफाह पार गर्न विदेशी नागरिकलाई भाग्न र राहत सामग्रीहरू प्रवेश गर्न अनुमति दिन उक्त प्रवेशद्वार केही घण्टा खोल्न सहमत भएको समाचारहरूमा बताइएको थियो ।

तर, नेतान्याहुको कार्यालयले एक विज्ञप्तिमा विदेशीहरूलाई हटाउनुको बदलामा गाजामा युद्धविराम र मानवीय सहायता हाल नरहेको बताएको छ । प्रत्यक्षदर्शीहरूका अनुसार सहायता समूहहरूले इजिप्टतिरबाट पर्खिरहेका छन् तर सोमबार रफाहबाट ४० किलोमिटर पूर्व एल-अरिस सहर छोडेका थिएनन् । सोमबार बिहान इजरायली सेनाले सर्वसाधारणलाई गाजापट्टीबाट दक्षिणतिर जाने र सम्भावित जमिन आक्रमण गर्ने चिह्न लगाइएको दुईवटा सडकमा हमला नगर्ने बताएको थियो । *रासस/एएफपी*

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUAR PAYONG INDUSTRIES SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/०५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२९ LT. No.: 267710 चलानी नं. ६०२०८९३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 14 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक ०७ गते (24th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT HR PVT LTD
Govt.Lic. No- 1168/073/074
**MINAWA RECRUITMENT H.R. PVT LTD**
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CISCO (M) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०६/२९ LT. No. 294025 चलानी नं ६०२०९१६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 41 | 0 | 1500 | ३५,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक ०७ गते (24th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Janashakti International Services Pvt. Ltd.** श्रम ईजाजत नं. ९९९/०६८/०६९
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031
Email : info@jisnepal.com, Web: www.janashaktiintl.com

## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAOUF DUSMOHAMUD & COMPANY LIMITED

पूर्व स्वीकृति मिति २०८०/०६/२९ LT. No.293980 चलानी नं. ६०२०९१४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Auto Electrician | 1 | 0 | 17000 | ५१,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2 | Car Painter | 3 | 0 | 17000 | ५१,००० | | | | | | |
| 3 | Car Panel Beater | 2 | 0 | 17000 | ५१,००० | | | | | | |
| 4 | Engine Mechanic | 2 | 0 | 17000 | ५१,००० | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक १२ गते (29th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JADDARAH RECRUITMENT COMPANY

पूर्व स्वीकृति मिति २०८०/०२/०४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२९ LT. No. 286135 चलानी नं. ६०२०१६७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labours | 100 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक १३ गते (30th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)
Govt. License 280/058/059
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार-सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । बीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी-बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - ११२३०० | प्रति तोला - १११७५० | प्रति तोला - १३९० |



**धान छुट्याउन गोरुको सहारा** | गोरुको सहायताले धानको नल र धान छुटचाउनका लागि दाइँ हाल्दै रुकुम पश्चिम मुसीकोट नगरपालिका-१४ छिवाङका कृषक। *तस्बिरः हेमन्त केसी/रासस*

## मुलुकको अर्थतन्त्र गम्भीर संकटमा : पूर्वअर्थमन्त्री पौडेल

■ प्रभाव संवाददाता

**लुम्बिनी–** नेकपा एमालेका उपाध्यक्ष तथा पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकको अर्थतन्त्र गम्भीर संकटमा पुगेको बताउँदै तर आवश्यकताअनुसार सरकार भने गम्भीर बन्न नसकेको बताएका छन्।

उनले बजार मन्दीको अवस्थामा पुगेको भन्दै अर्थतन्त्र गम्भीर संकटमा फसेकाले सामान्य ढङ्गबाट यो समस्याको समाधान हुन सक्ने अवस्था नरहेको बताए। उनले अर्थतन्त्रको हिसाबमा हेर्दा मुलुकको अहिलेको परिस्थिति विशेष रहेकाले त्यसै बमोजिमको अग्रसरता र सरकारको निर्णय हुनुपर्नेमा हुन नसकेको बताए।

पूर्वअर्थमन्त्री पौडेलले अर्थतन्त्रमा देखिएका समस्या साधानका लागि संसद्मा रहेका सबै राजनीतिक दल, आर्थिक क्षेत्रका विज्ञ र निजी क्षेत्रको विश्वास जितेर सरकारले गम्भीर कदम चाल्नुपर्नेमा त्यसो हुन नसकेको बताए।



रूपन्देही उद्योग सङ्घको ४५औं साधारणसभा तथा २३औं अधिवेशनको आज बुटवलमा उद्घाटन गर्दै नेता पौडेलले देशको अर्थतन्त्र मन्दीको अवस्थामा पुग्दासमेत सरकारले स्वीकार गर्न नसकेको र जनता र राष्ट्रका समस्या समाधान गर्न सरकारले चासो नदिएको बताए।

उनले सरकारको नीति र कार्यशैलीप्रति कुनै पनि उद्योगी, व्यवसायी सन्तुष्ट हुने अवस्था नरहेकोसमेत बताए। 'सरकारले उद्योगी र व्यवसायीहरूको टाउकामा लाठी बर्साएको छ, उद्योगीका समस्या सुनेर समाधान गर्न सकेको छैन र उल्टै उद्योगी र व्यवसायीलाई त्रसित गर्ने काम गरेको छ', उनको आरोप छ।

मुलुकको आर्थिक संकटका कारण पूँजी पलायन हुँदै गएको र भएका उद्योग पनि बन्द हुने अवस्था सिर्जना हुँदै गएको उनको भनाइ थियो। अहिले देशका उद्योगहरूले आफ्नो क्षमताको ५० प्रतिशत मात्र उत्पादन गर्न सकेको उनले बताए। उनले भने, 'उद्योगहरूमा उत्पादन घट्को छ, माग, आपूर्ति पनि घटेको छ।'

उनले रूपन्देहीको मोतिपुर औद्योगिक क्षेत्र र तिनाउ दानव करिडोर बन्न नदिने प्रयत्न भइरहेको भन्दै त्यो कार्य सफल नहुने बताए। यस्तै प्रतिनिधिसभा सदस्य तथा एमाले नेता वासुदेव घिमिरेले देश आन्तरिक कारणले देशको अर्थतन्त्र थलिएको बताए। उनले बैंक तथा वित्तीय क्षेत्रको चर्को ब्याजदरका कारण उद्योगी व्यवसायी धरासायी हुने अवस्थामा पुगेको बताए।

रूपन्देही उद्योग सङ्घका अध्यक्ष माधव पौडेलले आर्थिक संकटसँगै युवा शक्तिको पलायनले उद्योगको विस्तार र पुस्तान्तरणमा संकट सिर्जना हुने डरलाग्दो अवस्थाले उद्योगीहरू पिरोलिएको बताए।


उक्त कार्यक्रममा उत्कृष्ट आर्थिक पत्रकारिता पुरस्कार २०७८ पत्रकार शेरबहादुर केसीलाई प्रदान गरिएको थियो। पुरस्कारको राशी रु ४५ हजार ५५५ सहित सम्मान पत्र रहेको छ।

## 'अर्थतन्त्र सुधार्न सामूहिक प्रयास आवश्यक'

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा प्रकाशशरण महतले मुलुकको अर्थतन्त्र सुधारका लागि सरकारको प्रयासले मात्र सम्भव नहुने भएकाले सबै क्षेत्र र पक्षबाट सामूहिक प्रयास थालिनुपर्ने बताएका छन्। महिला आर्थिक पत्रकार सङ्घ (फेजा) को औपचारिक उद्घाटन कार्यक्रममा उनले अर्थतन्त्र सुधारका लागि सबैले सहयोगको अपेक्षा सरकारले राखेको बताए।

'विस्तारै अर्थतन्त्रमा सुधारका संकेत देखिन थालेका छन्। सुधारका लागि सरकार र अर्थ मन्त्रालयको प्रयासले पुग्दैन। सबैले आ-आफ्नो क्षेत्रबाट लाग्न जरुरी छ', अर्थमन्त्री डा महतले



भने, 'सामूहिक अठोटका साथ काम गरौं। जहाँ अप्ठ्यारो छ, त्यसलाई फुकाउन अर्थमन्त्रालय तयार छ।' आर्थिक सुधारका लागि सरकारले अधिकतम प्रयास गरिरहेको र सकारात्मक नतिजा पनि देखिँदै गएको उनको भनाइ छ।

अर्थमन्त्री महतले मुलुकको अर्थ-सामाजिक विकासका लागि महिला सशक्तीकरणको आवश्यकता पनि औंल्याए। हरेक क्षेत्रमा महिलाको सहभागिता बढाउँदै उहाँले जाने र समावेशी विकासको अवधारणा अँगालेपछि शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा महिला सहभागिता बढेको बताए।

आर्थिक पत्रकारिताका क्षेत्रमा काम गरिरहेका महिलाको सीप तथा क्षमता विकासका लागि समन्वयकारी भूमिका निभाउने उद्देश्यले फेजा गठन भएको अध्यक्ष शर्मिला ठकुरीले बताए।

## सजिलो ब्रोकरले पायो नेप्सेको सदस्यता

**काठमाडौं (प्रस)–** सजिलो ब्रोकर लिमिटेडले धितोपत्र कारोबारको अनुमति पाएको छ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) ले सोमबार सजिलो ब्रोकरलाई सदस्यता प्रमाणपत्र दिएको हो।

यससँगै सजिलोले अब धितोपत्र कारोबारसम्बन्धी कार्य गर्न पाएको छ। ललितपुर महानगरपालिका-३ मा मुख्य कार्यालय रहेको सजिलो ब्रोकरलाई धितोपत्रसम्बन्धी ऐन,



२०६३ र सो अन्तर्गतका नियम, विनियम, व्यवस्थाहरू तथा अन्य प्रचलित नेपाल कानुनको अधीनमा रही धितोपत्र कारोबार तथा तत्सम्बन्धी कार्यहरू गर्न गराउन सदस्यता प्रदान गरिएको नेप्सेले जनाएको छ। यसैबीच सजिलो ब्रोकरले स्टक ब्रोकर नम्बर ९० को प्रतिनिधित्व गर्ने जानकारी दिएको छ। सजिलो ब्रोकरले नामजस्तै सेवा पनि सजिलोरूपमा प्रदान गर्ने प्रतिबद्धता जनाएको छ।

## प्राधिकरणलाई पुनः 'डबल ए प्लस' क्रेडिट रेटिङ

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत प्राधिकरणले यस वर्ष पनि 'डबल ए प्लस क्रेडिट रेटिङ पाएको छ। इक्रा नेपाल लि.ले प्राधिकरणको क्रेडिट रेटिङ गरी 'इक्रा एनपी डबल ए प्लस' स्तरको रेटिङ प्रदान गरेको छ। अघिल्लो वर्ष पनि प्राधिकरणले सोही रेटिङ पाएको थियो। डबल ए प्लस रेटिङ प्राप्त गर्ने संस्थाको आफ्नो वित्तीय तथा आर्थिक दायित्व समयमै वहन गर्न सक्ने उच्च क्षमता सुरक्षित रहन्छ। डबल ए प्लस रेटिङ पाउने संस्थासँगको वित्तीय कारोबारमा ज्यादै न्यून ऋण भुक्तानी जोखिम हुन्छ।

इक्रा नेपालले प्राधिकरणको वित्तीय अवस्था, सम्पत्ति, व्यवसायिक तथा वित्तीय जोखिमहरूको विश्लेषण, व्यवस्थापकीय क्षमता, सञ्चालन प्रभावकारितामा प्रभाव पार्ने आन्तरिक तथा वाह्य वातावरणीय तत्वहरूलगायतको विश्लेषण गरेको थियो। सोही विश्लेषणका आधारमा प्राधिकरणको क्रेडिट रेटिङ गरिएको हो।

क्रेडिट रेटिङमार्फत कुनै व्यक्ति वा संगठित संस्थाको साखको गुणस्तर सम्बन्धमा मूल्यांकन गर्ने तथा राय प्रकट गर्ने काम गरिन्छ। यसमा संस्थाको ऋण दायित्व भुक्तान गर्ने क्षमता सम्बन्धमा निहित जोखिमबारे सरल र बुझ्न सकिने सांकेतिक सूचकका रूपमा राय दिइन्छ।

विद्युत् उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपदो र सर्वसुलभ गरी विद्युत् आपूर्तिको समुचित




व्यवस्था गर्न सरकारको पूर्ण स्वामित्वमा प्राधिकरण स्थापना गरिएको हो। प्राधिकरणले देशभित्र विद्युत् उत्पादन, प्रसारण र वितरणका अतिरिक्त आन्तरिक तथा सीमापार विद्युत् व्यापार पनि गरिरहेको छ।

सरकारले विद्युत् विकासका आफ्ना कार्यक्रमहरू कार्यान्वयन गर्न वार्षिक रूपमा बजेट विनियोजन, सेयरमा लगानी (नगद वा व्याज/साँवा पूँजीकरण) र अन्य आवश्यक रकम/सञ्चालनमार्फत प्राधिकरणलाई सहयोग गरिरहेको छ।प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सार्वजनिक निकायहरूमध्ये प्राधिकरणले डबल ए प्लस क्रेटिड रेटिङ पाएकाले संस्थामा वित्तीय दायित्व बहन गर्न सक्ने उच्चतहको सुरक्षित क्षमता देखिएको बताए।

प्राधिकरणले तेस्रो वित्तीय पुनर्संरचना गरी नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ बमोजिम संस्थाको सेयर सर्वसाधारणमा जारी गर्ने प्रस्ताव अर्थ मन्त्रालयमा पेश गरिसकेको छ। प्राधिकरणको चुक्ता पूँजी करिब ३ खर्ब रूपैयाँ कायम गरी त्यसको १० प्रतिशतले हुन आउने रकममा प्रिमियम थप गरी करिब ६० अर्ब रूपैयाँ बराबरको प्राथमिक सेयर सर्वसाधारणलाई निश्कासनको प्रस्ताव गरिएको छ। प्राधिकरणको सेयरको प्रतिकित्ता किताबी मूल्य करिब १२५ रूपैयाँ कायम गर्ने र त्यसमा त्यती नै रकम प्रिमियम थप गरी सेयर निश्कासनको प्रस्ताव गरिएको छ।

कार्यकारी निर्देशक घिसिङले संस्थाको क्रेडिट रेटिङ भइसकेकाले सरकारबाट स्वीकृति पाउनसाथ सेयर निश्कासनको प्रक्रिया अगाडि बढाउन सकिने बताए। 'क्रेडिट रेटिङबाट संस्थाको वित्तीय स्वास्थ्य राम्रो देखिएको छ, ऋण तिर्न सक्ने क्षमतामा सक्षमता देखिएको छ, आन्तरिक माग धान्न हिउँदका केही महिनामा हुने विद्युत् आयात प्रतिस्थापन छिट्टै हुँदै छ भने हरेक वर्ष हुने विद्युत् निर्यात बृद्धि, आन्तरिक रूपमा हुने विद्युत् खपत बृद्धि तथा प्रणालीको चुहावट नियन्त्रणमा हासिल भइरहेका सफलताले संस्थाको नाफा बढ्दै जाने छ',घिसिङले भने, 'विद्युत् उत्पादनतर्फका आयोजनाहरू निर्माण र विद्युत् आपूर्तिलाई थप भरपर्दो, गुणस्तरीय तथा सुरक्षित बनाउन प्रणाली सुधार तथा विस्तारका लागि ठूलो पूँजी आवश्यक पर्ने छ, यसका लागि संस्थाले कमाएको नाफा र सेयर निश्कासनबाट प्राप्त हुने रकमबाट लगानीको खाडल पूरा गर्ने योजना बनाएका छौं।'

प्राधिकरणले स्वदेशी तथा विदेशी लगानीकर्ताहरूले निर्माण गर्ने जलविद्युत आयोजनाहरूसँग दीर्घकालीन विद्युत खरिद सम्झौता (पिपिए) गरहेको छ। क्रेडिट रेटिङको नतिजाले त्यस्ता आयोजनाको रकम भुक्तानी गर्न प्राधिकरणसँग उच्चस्तरको वित्तीय क्षमता रहेकाले लगानी जोखिम नरहेको देखाएको छ।

इक्रा नेपालले प्राधिकरण सरकारको पूर्ण स्वामित्वमा रहेको, विद्युत प्रसारण, वितरण र मुलुकभित्र तथा बाहिरी मुलुकसँग विद्युत खरिद बिक्रीको एकाधिकार प्राप्त तथा सरकारको रणनीतिक संस्था भएको, सहायक कम्पनीसहित करिब एक हजार एक सय मेगावाटको विद्युत उत्पादन क्षमता भएको, सरकारले हरेक वर्ष बजेटमार्फत ऋण र सेयरमा लगानी गर्ने गरेको उल्लेख गरेको छ।

## नेप्से परिसूचकको ओरालो यात्रा जारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक सोमबार दोहोरो अंकले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २३ दशमलव १६ अंकले ओरालो लागेर एक हजार आठ सय ५१ मा सीमित भएको छ।

मंगलबारको कारोबारमा ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ३८ अंकले ओरालो लागेर तीन सय ५५ दशमलब ७४ मा सीमित भएको छ। कारोबार भएका कूल १३ उपसमूहकै सेयर मूल्यमा गिरावट भएको छ। विभिन्न कम्पनीका ४८ लाख ३७ हजार आठ सय ९३ कित्ता सेयर रु एक अर्ब २५ करोड ३२ लाख ९१ हजार ७० मूल्यमा कारोबार भएको छ।

नेप्सेका अनुसार कारोबारका आधारमा प्रभु बैंकको संस्थापक सेयर शीर्ष स्थानमा छ। सो बैंकको रु छ करोड २४ लाख ७६ हजार आठ सय ९३ बराबरको कारोबार भयो। हाथवे इन्भेस्टमेन्ट नेपालको रु पाँच करोड २७ लाख दुई हजार सात सय ५९, सिटिजन लाइफ इन्स्योरेन्सको रु तीन करोड ६७ लाख २३ हजार दुई सय ६८, रिलायबल नेपाल लाइफ इन्स्योरेन्सको रु तीन करोड ५८ लाख २९ हजार पाँच सय ८४ र एनआइसी एशिया बैंकको रु तीन करोड ४३ लाख ३५ हजार छ सय ४१ बराबरको सेयर कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार सिद्धार्थ प्रिमियर इन्स्योरेन्स सात दशमलव ८७, सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम दोस्रो सात दशमलव ३१, सुपर मादी हाइड्रोपावर चार दशमलव शुन्य चार, कालीञ्चोक दर्शन लिमिटेड तीन दशमलव ९७ र सनराइज फोकस्ड इक्विटी फण्डका लगानीकर्ताले तीन दशमलव ८५ प्रतिशतले कमाएका छन्।

यस्तै, सयपत्री हाइड्रोपावर र हाथवे इन्भेस्टको सेयर मूल्यमा १० प्रतिशतले गिरावट हुँदा नकारात्मक सर्किट लागेको छ। नबिल ब्यालेन्स फण्ड दोस्रो नौ दशमलव ३१, मिड सोलु हाइड्रोपावर नौ दशमव शून्य छ र घलेम्दी हाइड्रोपावरका लगानीकर्ताले आठ दशमलव ७७ प्रतिशतले गुमाएका छन्।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ